लेबनानका राष्ट्रपति साउदी अरब प्रस्थान | पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

वर्ष २६ • अंक २७८ • २०८१ साल फाल्गुन २० गते मंगलबार (4 March, Tuesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-




## पूर्व वडाध्यक्षलाई २ वर्ष जेल



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा जिल्ला अदालतले एकजना पूर्ववडाध्यक्षलाई २ वर्ष जेल सजाय तोकेको छ।

जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १ का पूर्ववडाध्यक्ष सत्रुधन साहलाई धनुषा जिल्ला अदालतको फागुन ९ गतेको आदेश अनुसार जिल्ला प्रहरी कार्यालय धनुषाले सोमबार पक्राउ गरेको छ।

जनकपुरधाम उपमहानगरपालिकाका धर्मेन्द्र साहले साहमाथि लेनदेन मुद्दा गरेको थियो। सो मुद्दामा अदालतले सत्रुधन साहलाई २ वर्ष कैद सजाय गरेको छ।

जिल्ला प्रहरी कार्यालयले पक्राउ गरेका साहलाई मंगलबार अदालतमा उपस्थित गराइने भएको छ। प्रवक्ता समेत रहेका डीएसपी बरुण सिंहले साहलाई अदालतको आदेशमा पक्राउ गरिएको जनाउँदै उनलाई अदालतमा हाजिर गराइने बताए।

स्रोतका अनुसार साहले ३० लाख रुपैयाँ लिएको ऋण नतिर्दा अदालतले उनलाई सजाय गरेको छ। अदालतले गरेको आदेश बमोजिम साहले रकम भुक्तानी गरे सजायबाट मुक्ति पाउन सक्ने कानुन व्यवसायीहरु बताउँछन्।

## बिचौलियामार्फत बिक्री भइरहेको योजना तत्काल रोक्न माग

# ब्रम्हलुट मच्चाउने पूर्वाधार विकास कार्यालय महोत्तरीमा तालाबन्दी गर्ने ज्ञापन

**टुडे समाचारदाता**

जलेश्वर । मधेश प्रदेश सरकारले बिचौलियामार्फत योजना बिक्री गरिरहेको चौतर्फी आलोचना भइरहेको बेला पूर्वाधार विकास कार्यालय महोत्तरीमा वडा अध्यक्ष र पूर्व मेयरहरुले तालाबन्दी गर्ने चेतावनीसहितको ज्ञापन प्रमुख जिल्ला अधिकारीलाई बुझाएका छन्।

महोत्तरी जिल्लाका विभिन्न पालिकाका वडा अध्यक्ष र पूर्वमेयर/अध्यक्षहरुले सोमबार प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीलाई बुझाएको ज्ञापन पत्रमा योजना बिक्री गर्ने कार्य तत्काल नरोकिए बुधबार पूर्वाधार कार्यालयमा तालाबन्दी गर्ने चेतावनी दिएका छन्।


महोत्तरी जिल्लाको पूर्वाधार कार्यालयमार्फत ४ सय २१ योजना पठाइएको छ। त्यसमध्ये १ सय ५६ वटा योजनाको सम्झौता भइसकेको कार्यालय प्रमुख राजेशलाल कर्णले बताएका छन्। अन्य सबै पत्र पठाइसकिएको उनले बताए। २७ वटा टेण्डरबाट काम थालिएको बताउँदै कर्णले भने, राजनीतिक विषय भएकाले आफू मुछिएको मात्र हो।

'मन्त्री र सांसदहरुको सिफारिसमा मन्त्रालयसितको समन्वयमा योजना वितरण गरिएको छ' उनले भने, पालिका र वडा कार्यालयमार्फत नै आएको पत्र बमोजिम सम्झौता हुने गरेको छ।

ज्ञापनपत्र बुझाउने वडा अध्यक्ष र पूर्व मेयर/अध्यक्षहरुले वडामा भेलागरि उपभोक्ता समिति गठन नगरि वडा अध्यक्षहरुमाथि अनावश्यक दबाब र प्रलोभन देखाउने गरिएको बताएका छन्। कतिपय योजना वडामा र कतिपय योजनाको पालिकाबाट सोझै सिफारिस लिने गरिएको ज्ञापन पत्रमा उल्लेख छ।

पूर्वाधार कार्यालयका प्रमुख कर्णले बिचौलियामार्फत अग्रिम रकम लिने गरेको आरोपसमेत लगाइएको छ। बीस प्रतिशत अग्रिम रकम दिनेहरुले मात्र योजना पाएको औरही नगरपालिकाका पूर्व मेयर समेत रहेका नेपाली कांग्रेसका नेता सुनिल रायले बताएका छन्।





ट. पत्र प्राप्त भएको १५ दिन भित्र उपभोक्ता समिति गठन गरी यस कार्यालयमा सिफारीश सहित पेश नभएको खण्डमा कार्यालयले अन्य प्रकृयाबाट कार्य संचालन गराउन बाधा नपर्ने।

ठ. भवनको कार्यमा जग्गाको लालपुर्जा संघ संस्थाको नाम वा वडा कार्यालयको नाममा पास भएको एकिन गरि उ.स.गठन सम्बन्धी सिफारिस साथ लालपुर्जा पेश गर्नु पर्ने छ।

ड. अधुरो भवन कार्यमा भए गरेको कामको मुल्यांकन रिपोर्ट एकिन गरि उ.स.गठन सम्बन्धी सिफारिस साथ पेश गर्नु पर्ने छ।

योजनाको नाम:- महोत्तरी, सम्सी गा.पा. वडा नं.१, राम सरुप यादव को घर देखि सिकिन्द्र साह को पोखरी सम्म

बजेट रु.4500000(forty-five Lakh)

बजेट शिर्षक नं./ क्रियाकलाप नं. :- 31151 / 11.4.7.3719

'एउटै चलानी नम्बरको कयौं पत्र वडा कार्यालयहरुमा पुगेका छन्' उनले भने, एउटै योजनाका पत्र दुईजनाले ल्याएर उपभोक्ता समिति गठन गर्न दबाब दिने गरेका छन्।

जिल्ला प्रशासन कार्यालयमा कार्यालय प्रमुख कर्णले आफूसित हस्ताक्षर कार्यादेशमा गराएर सचिवालयबाट वितरण गरिएको स्वीकारेको रायले दाबी गरे। तर कर्णले राजनीतिक विषय भएकाले यसमा आफ्नो कुनै स्वार्थ नभएको मात्र बताएको प्रष्ट गरेका छन्।

सम्सी गाउँपालिका, औरही नगरपालिका, रामगोपालपुर नगरपालिका, सोनमा गाउँपालिका र मनरासिसवा नगरपालिकाका गरी १७ जना वडा अध्यक्षहरुले संयुक्त रुपमा हस्ताक्षर गरेको ज्ञापन पत्र बुझाएपछि चरणबद्ध रुपमा आन्दोलन गर्ने चेतावनी दिएको छ।

ज्ञापन पत्र बुझेका प्रजिअ कवारीले कार्यार्थ पूर्वाधार कार्यालयलाई र बोधार्थ पूर्वाधार विकास मन्त्रालय मधेश प्रदेशलाई पत्र पठाएको छ। कार्यालय प्रमुख कर्णलाई पारदर्शी रुपमा नियमसम्मत मात्र काम गर्न निर्देशन समेत दिएका छन्।

'मन्त्रीले भन्दैमा मैले भारतीय नागरिकलाई नागरिकता दिन मिल्छ' ? प्रजिअ कवारीले कर्णलाई सोधे, गैरकानुनी काम गर्न मन्त्रीले भन्दैमा फस्ने आफै हो। सहभागी एकजना नेताले बताए।

कर्णले सबै पत्र हस्ताक्षर गराएर सचिवालयमा लगिएको र त्यहाँबाट नै बितरणको कार्य भैरहेको बताउँदै आफू पन्छिने प्रयास गरेपछि प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीले सचेत गराए।

रातो किताबमा उल्लेख रहेको वडाको योजनाको अन्य वडामा उपभोक्ता समिति गठन गराएको आरोप वडाअध्यक्षहरुले लगाएका छन्। योजना बिक्रीमा डाक बढाबढ गराएर एउटै योजनाको पत्र दुई जनाले लिएर वडामा पुग्ने गरेको वडाअध्यक्षहरुको कथन छ।

तर प्रमुख कर्णले रित पुऱ्याएर नै सबै योजनाको पत्र काटिएको बताए। दोहरो सिफारिस भएको अथवा एउटै दर्ता नम्बर दोहरिएको पत्र कार्यालयमा ल्याइए सच्चाइने उनले जनाए।

भ्रष्टाचारको आरोप लाग्नेमा पहिलो वरियतामा पर्ने कर्णले सम्झौता गर्ने काम धमाधम भइरहेको बताउँदै स्टिमेट गर्ने कामपनि थालिएको बताए।

मधेश प्रदेशको योजनाहरु बिक्री हुने कारण बढी बदनाम भएको जनाउँदै चालु आर्थिक वर्षमा उपभोक्ता समितिबाट काम नगराउने बजेट र नीति तथा कार्यक्रममा उल्लेख गरिएको थियो। नीति तथा कार्यक्रम र बजेटमा पारदर्शी ढंगले प्रतिष्पर्धाबाट विकास निर्माणको काम हुने प्रदेशसभाबाट पास भएकोमा सरकारले पुस महिनामा संकल्प प्रस्ताव पारितगरि त्यसलाई उल्टाएर उपभोक्ता मार्फत काम गराउने बाटो खुल्ला गरेको हो।

मधेश प्रदेशमा विगतमा भएको योजना बेचबिखनको सबै रेकर्ड चालु आर्थिक वर्षमा नाघेको छ। केही मन्त्रीले जिल्लागत रुपमा नै दलाल परिचालन गरेका छन्। योजना राख्ने नेता र कर्मचारी समेत खरिद बिक्रीमा पछि परेका छन्। एउटाले योजना राखेको र अर्कैले काम पाएको बताउन थालिएको छ। मधेश प्रदेशमा योजना वितरण नभइ खरिद बिक्री हुने गरेको नेताहरु स्वीकारेका छन्।

प्रदेश सरकारको हालसम्म १७ प्रतिशतको हाराहारीमा मात्र बजेट खर्च भएको छ। तर असारमा त्यो ६० प्रतिशत नाघ्ने अनुमान छ।







# दुई ट्रकसहित करोडौंको सामग्री बरामद

**टुडे समाचारदाता**

रौतहट । बारा प्रहरीले पथलैयाबाट लाखौं मूल्य बराबरको अवैध सामग्रीसहितको ट्रक बरामद गरेको छ।

प्रहरी चौकी पथलैयाबाट असइ अमृत मैनालीको कमाण्डमा गएको गस्ती टोलीले सोमबार पथलैया चोकस्थित वीरगंजबाट काठमाण्डुतर्फ जाँदै गरेको ना ६ ख ४४४७ नम्बरको ट्रकमा चेकजाँच गर्दा बिल बिजक भन्दाबढी राजश्व छलीको सामान बरामद गरेको छ। बताए।

त्यसैगरी इलाका प्रहरी कार्यालय सिमराबाट असई प्रदीप पाण्डेको कमाण्डमा गएको टोलीले सिमरा सूर्य नेपाल स्थित काठमाण्डौं तर्फ जादै गरेको ना ६ ख ४३५१ नम्बरको ट्रकलाई चेकजाँच गर्दा भन्सारको प्रज्ञापन पत्र नरहेको ४८ लाख ६ हजार ९ सय ५२ रूपैया बराबरको सामान बोकेका ट्रक सनिवार नियन्त्रणमा लिएको थियो।

एरियल टाईड र उईस्वर एरियल समान सहित नियन्त्रणमा लिईएको ट्रक




कुल ५३ लाख ४० हजार ९० रूपैयाँ बराबरको बिभिन्न खुद्रा सामान सहितको ट्रक नियन्त्रणमा लिएर आवश्यक कारवाहीको लागि राजश्व अनुसन्धान कार्यालय पथलैयामा बुझाइएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी विजयराज पण्डितले तस्करीको आशंकामा आवश्यक कारवाहीको लागि राजश्व अनुसन्धान कार्यालय पथलैयामा बुझाइएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ। पछिल्लो समय बारा प्रहरीले तस्करी नियन्त्रण गर्न पूर्ण सक्रियता देखाएको छ।

# स्वास्थ्य सामग्री हस्तान्तरण

**टुडे समाचारदाता**

रौतहट । रौतहटको इशनाथ नगरपालिकाको नगर प्रमुख कौशल्या देवीको पहलमा प्रोटेक्सन नेपालबाट प्राप्त स्वास्थ्य सामग्री बर्थिङ सेन्टर हरूमा हस्तान्तरण गरिएको छ।

सोमबार एक विशेष कार्यक्रमबीच नगर प्रमुख देवीको उपस्थितिमा बर्थिङ सेन्टर औरैया तथा डुमरियालाई स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको हो।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत नन्दकिशोर गुप्ताले ३२ प्रकारका अत्यावश्यक औजारहरू हस्तान्तरण गरिएको जानकारी दिए। उनले भने नगरपालिकाको स्वास्थ्य सेवालाई सशक्त बनाउन र विशेष गरी मातृ तथा शिशु स्वास्थ्य सुधार गर्न औजारहरू उपयोगी हुनेछन् । सुरक्षित प्रसूति सेवा प्रवाह सहज बनाउन नगरपालिका प्रतिवद्ध छ।

नगर प्रमुख कौशल्या देवीले स्वास्थ्य क्षेत्रलाई उच्च्च प्राथमिकतामा राख्दै सुरक्षित मातृत्व सेवा उपलब्ध गराउने उद्देश्यले



अभियान अघि बढाइएको बताइन्। उनले भनिन्हाम्रो नगरपालिकाका महिलाहरूले गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सकुन् भन्ने उद्देश्यले हामी निरन्तर लागिरहेका छौं । हस्तान्तरणपछि बर्थिङ सेन्टरहरूमा आवश्यक पर्ने औजारको अभाव हुँदैन र स्वास्थ्यकर्मीहरूलाई सेवा दिन थप सहज हुनेछ। नगरपालिकाले हस्तान्तरण गरेको ३२ प्रकारका औजारहरूमा डेलिभरी टेबल, रक्तचाप मापन यन्त्र, स्टेथोस्कोप, नर्मल डेलिभरी सेट, नवजात शिशु हेरचाह किट, सलाइन स्ट्यान्ड, हेमोग्लोबिन जाँच उपकरणलगायतका सामग्री समावेश छन्। सामग्रीहरूले बर्थिङ सेन्टरहरूमा सुरक्षित प्रसूति सेवा प्रदान गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छानगरपालिकाले प्रदान गरेको स्वास्थ्य सामग्री पाएपछि स्थानीय बासिन्दा खुसी भएका छन्।

> नगर प्रमुख कौशल्या देवीले स्वास्थ्य क्षेत्रलाई उच्च प्राथमिकतामा राख्दै सुरक्षित मातृत्व सेवा उपलब्ध गराउने उद्देश्यले अभियान अघि बढाइएको बताइन् ।

नगर प्रमुख कौशल्या देवीका अनुसार आउँदा दिनहरूमा स्वास्थ्य संस्थाहरूमा थप उपकरण तथा जनशक्ति व्यवस्थापन गर्दै गुणस्तरीय सेवा प्रवाहलाई निरन्तरता दिने लक्ष्य राखिएको छ। स्वास्थ्य सामग्री हस्तान्तरण कार्यक्रम स्थानीय समुदायका प्रतिनिधि, स्वास्थ्य शाखाका रबिन्द्र झा, स्वास्थ्यकर्मी तथा नगरपालिकाका पदाधिकारीहरूको उपस्थिति रहेको थियो।

# प्रकृतिलाई न्याय दिलाउँछौं : परराष्ट्रमन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले भारतको ओडिसास्थित केआईआईटी विश्वविद्यालयमा रहस्यमय मृत्यु भएकी नेपाली विद्यार्थी प्रकृति लम्साललाई न्याय दिलाउने विश्वास दिलाएकी छन् । प्रकृतिको मृत्युपछि शोकमा रहेका उहाँका बुबाआमा र आफन्तजनलाई मंगलबार भैरहवामा भेटेर समवेदना प्रकट गर्दै मन्त्री डा राणा र गृहमन्त्री रमेश लेखकले सो विश्वास दिलाएकी हुन्।

मन्त्री डा राणाले प्रकृतिका बुबाआमा र आफन्तजनलाई उनको मृत्युको सत्यतथ्य पत्ता लगाई दोषीमाथि कानुन बमोजिम कडा कारबाहीका आफूले सुरुदेखि नै कूटनीतिक पहल जारी राखेको र उनलाई न्याय दिलाउने बताएकी हुन्।

प्रकृतिको मृत्यु र त्यसपछि विकसित घटनाक्रमबारे आफूले गत हप्ता ओडिसाका मुख्यमन्त्री मोहन चरण माझीसँग फोनमा कुराकानी गरेको र उक्त घटना भएलगत्तै त्यहाँका उच्च शिक्षामन्त्रीसँग पनि फोनवार्ता गरी घटनाको सत्यतथ्य छानबिन गरी दोषीमाथि कानुन बमोजिम कारबाही गर्न र त्यहाँ अध्ययनरत



नेपाली विद्यार्थीलाई पठनपाठनको उचित र सुरक्षित प्रबन्ध गर्न आग्रह गरेको जानकारी गराईन्।

प्रकृतिका बुबाआमासँग उनले भने "मैले कुटनीतिक माध्यमबाट भारत सरकारसँग दोषीमाथि कानुनी कारबाहीका लागि पहल गर्न भनेकी छु र यसलाई निरन्तर फलोअप पनि गरिरहेकी छु। सरकारले यसलाई फलो गरिरहेको छ। प्रकृतिलाई न्याय दिलाउने काममा म र गृहमन्त्रीजीले कुनै कसर बाँकी राख्ने छैनौं।"

ओडिसाका मुख्यमन्त्रीले यस घटनालाई ओडीसा राज्यले गम्भीर रुपमा लिएको र प्रकृतिलाई न्याय र दोषीमाथि कारबाहीका लागि राज्यस्तरबाट नै उच्चस्तरीय छानबीन समिति गठन गरेर काम सुरु भइसकेको जानकारी आफूलाई गराएको पनि मन्त्री डा राणाले बताइन।

यस विषयमा परराष्ट्र मन्त्रालय र नेपाली राजदूतावास नयाँ दिल्लीले ओडिसा सरकार, विश्वविद्यालय प्रशासन र भारतीय सुरक्षा अधिकारीको सम्पर्कमा रहेर आवश्यक समन्वयका साथ काम गरिरहेको जानकारी पनि मन्त्री डा राणाले दिईन।

सो विश्वविद्यालयमा अध्ययनरत प्रकृतिको यही फागुन ४ गते रहस्यमय मृत्यु भएको थियो । त्यस लगत्तै नेपाली विद्यार्थीमाथि ज्यादति सुरु भएपछि परराष्ट्र मन्त्रालयले कूटनीतिक पहल थालेको हो।

# सगरमाथा संवादको तयारी तीव्र गतिमा

काठमाण्डु ।जलवायु परिवर्तनका विषयमा पर्वतीय र तटीय मुलुकले झेल्नु परेका समस्या विश्व समुदायसमक्ष प्रस्तुत गर्ने उद्देश्यले आगामी जेठ २ देखि ४ गतेसम्म 'जलवायु परिवर्तन, पर्वतीय र मानव जीवनको भविष्य' शीर्षकमा यहाँ आयोजना हुने 'सगरमाथा संवाद' को तयारी तीव्र गतिमा प्रारम्भ भएको छ।

संवादको तयारीका लागि गठित व्यवस्थापन समितिको आइतबारको पहिलो बैठकले पर्वतीय र तटीय क्षेत्रमा अवस्थित देशका राष्ट्र तथा सरकार प्रमुख, जलवायु अनुसन्धानको क्षेत्रमा काम गर्ने विज्ञ, राष्ट्रिय अन्तरराष्ट्रियस्तरका निजी क्षेत्रका प्रतिनिधि, विषयविज्ञ तथा समाजमा प्रभाव पार्न सक्ने व्यक्तित्वलाई आमन्त्रण गर्ने निर्णय गरेको छ।

परराष्ट्रमन्त्री डा आरजु राणा देउवा संयोजकत्वको समितिले संवादका लागि पूर्वाधारको व्यवस्था तथा कार्यक्रमको प्रारुप तयार पारेको संवादका सम्पर्क व्यक्ति वन मन्त्रालयका सहसचिव महेश्वर ढकालले राससलाई बताउनुभयो।

समितिले विभिन्न क्षेत्रका १६ जना विज्ञ सम्मिलित विज्ञसमूह गठन गर्ने, परराष्ट्र मन्त्रालयका सहसचिवको संयोजकत्वमा प्रचार प्रसार तथा समन्वय समिति गठन गर्ने निर्णय गरेको छ। बैठकले जलवायु परिवर्तनका प्रभाव घटाउन भएका असल अभ्यासको प्रदर्शनका लागि साझेदार संस्थालाई आग्रह गर्ने निर्णय गरेको छ।

सहसचिव ढकालका अनुसार प्रदेशस्तरमा पनि संवाद गर्ने, बालबालिका तथा युवाका विषयमा पूर्वतयारी



संवाद गर्ने, संवादका लागि आवश्यक कर्मचारी परराष्ट्र र वन मन्त्रालय तथा मन्त्रिपरिषद्को कार्यालयले खटाउने र संवादको सचिवालयलाई क्रियाशील बनाइने छ।

परराष्ट्रमन्त्री संयोजकत्वको समितिमा वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरी सहसंयोजक हुनुहुन्छ।

समितिमा सरकारका मुख्यसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, परराष्ट्र, अर्थ, गृह, राष्ट्रिय योजना आयोग, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव तथा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक र राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य सचिव -सदस्य हुनुहुन्छ। समितिको सदस्य सचिव भने वन सचिव रहनुभएको छ।

यसअघि गत माघ २७ गते प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा तयारी बैठक सम्पन्न भएको थियो। उक्त बैठकले संवाद कार्यक्रममा लागि छिमेकी मुलुक भारत, चीन तथा दक्षिण एसियाली मुलुकका राष्ट्रप्रमुख वा सरकार प्रमुखसहितलाई विशेष अतिथिका रुपमा आमन्त्रण गर्नेलगायत विषयमा छलफल गरेको थियो। गत माघ ८ गते अन्तरराष्ट्रिय हिमनदी वर्ष, २०२५ को अवसर पारेर प्रधानमन्त्री ओलीले सो संवाद कार्यक्रम काठमाडौंमा गर्ने घोषणा गर्नुभएको थियो।

यसअघि २०७६ सालमा तत्कालीन प्रधानमन्त्री ओली नेतृत्वको सरकारले अघि बढाएको सगरमाथा संवादको तयारी कोभिड-१९ कारण अन्तिम समयमा स्थगन भएको थियो।

## जलवायु न्यायका लागि संवाद

सरकारले जलवायु परिवर्तनका विषयमा विश्वमै नेतृत्व हासिल गर्न तथा जलवायु न्यायका लागि पैरवी गर्न संवाद कार्यक्रम गर्न लागेको वन तथा वातावरण मन्त्रालयका सचिव दीपककुमार खरालले बताउनुभयो । यो संवाद हाललाई प्रत्येक दुई वर्षमा आयोजना गर्ने सरकारको निर्णय छ।

न्यून कार्बन उत्सर्जन गरेर पनि उच्च जोखिममा पर्नुपरेको अवस्थाका बारेमा अन्तरराष्ट्रिय समुदायको ध्यानाकर्षण गराउँदै त्यसबाट नेपालले लिनुपर्ने क्षतिपूर्ति र नेपालले उपलब्ध गराएका वातावरणीय सेवा वापतको भुक्तानीको सन्दर्भमासमेत संवादमा पैरवी गरिने उहाँले बताउनुभयो।

पेरिस सम्झौताअनुसार विश्व समुदायले यस शताव्दीको अन्त्यसम्ममा पृथ्वीको तापक्रम १.५ डिग्री सेल्सियसभन्दा बढ्न नदिने सहमति गरेता पनि सन् २०५० भन्दा पहिले नै हिमाली क्षेत्रको तापक्रम सरदर १.८ डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको छ । विभिन्न अध्ययनअनुसार उच्च तापक्रम वृद्धिले गर्दा यस क्षेत्रमा रहेका हिमालका दुई तिहाइ हिम भण्डारहरू पग्लिने अनुमान छ।

जलवायु विज्ञान र प्रविधिको विकास विस्तारमा योगदान गर्ने, पर्वतीय देशका 'एजेण्डा'लाई मुखरित गर्न तथा पर्वतीय मुलुकहरुसँग काम गर्न संवाद सहयोगी हुने सचिव खराल बताउनुहुन्छ।

परराष्ट्र मन्त्रालयबाट संवादका निम्ति गृहकार्यको जिम्मेवारीमा रहनुभएका सहसचिव दधिराम भण्डारीले नेपाल सरकारले यो कार्यक्रम उच्च प्राथमिकता दिएर कार्यान्वयन गर्न लागेको बताउनुभयो। रासस

# एकै दिनमा १४ फरार प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

रौतहट। जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहतका युनिटहरुले आईतवार एकैदिनमा १४ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ।

विभिन्न अपराधमा संलग्न रही जिल्ला अदालत गौरबाट दोषी ठहर भएर दण्ड सजाय तोकिएर लामो समय देखि फरार रहेका ती प्रतिबादीहरु लाई जिल्लाको बिभिन्न स्थानबाट प्रहरीले पक्राउ गरेको हो।

पक्राउ पर्नेमा लागुऔषध मुद्दाका प्रेम राना, शागर अर्याल, बिन रानामगर भन्ने किरण रानामगर, सन्तमान लामा भन्ने सञ्चर रानामगर, बन मुद्दामा शम्भु चौधरी, किशोरी चौधरी भन्ने नन्दकिशोर चौधरी, वीरेन्द्र चौधरी, जुवा मुद्दाका किशोर कुमार चौधरी, रामादिनेश साह, शिवराज अधिकारी क्षेत्री रहेका छन्।

त्यस्तै कुटपिट मुद्दाका शुभनारायण साह, कुटपिट तथा कुटपिट मुद्दाका कमल साह तेली, र सम्बन्ध बिच्छेद मुदाका महमद असलम पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डिएसपी दीपक कुमार रायले बताएका छन्। उनीहरुलाई फैसला कार्वान्यनको लागि आईतवार जिल्ला अदालत रौतहटमा उपस्थित गराईएको जिल्ला प्रहरी कार्यालयको सूचनामा उल्लेख गरिएको छ। रौतहट प्रहरी प्रमुख एसपी दिलीप घिमिरेको निर्देशनमा प्रहरीले सञ्चालन गरेको अभियान अन्तर्गत यस आर्थिक वर्षमा ७०० भन्दा बढी फरार प्रतिवादी लाई पक्राउ गरी कारबाहीको दायरामा ल्याएको छ।


## माइग्रेशन हरायो

निम्न लिखित व्यहोराको माइग्रेशन घरबाट जनकपुर जाने क्रममा मिति २०८१।११।१० गतेमा हराएको हुदा फेला पार्नु हुने व्यक्तिले उल्लेखित ठेगाना वा नजिकको प्रहरीमा खबर गरिदिन हुन् अनुरोध छ।

**नाम : लक्ष्मीनियाँ कुमारी ठाकुर**
**सिम्बोल नं.: ३१७०३५२९**
**रजिष्ट्रेशन नं.: ६७१७३५०२०**
**ठेगाना: मिथिला न.पा.-४, पुष्पवलपुर**
**मो.नं.९८४४५९५१२**

## सर्टिफिकेट हरायो

रामानन्द चौक जनकपुरबाट जानकी चौक रिक्सामा जादै गर्दा विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको सर्टिफिकेट MBBS तहको Internship Completion Certificate हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी तथा निम्न ठेगानामा खबर गरिदिनुहन अनुरोध गर्दछौ।

**नाम : विशाल राज शाह**
**ठेगाना : जनकपुरधाम उ.म.न.पा.-५**
**सिरियल नं. : २३५९**
**रजिष्ट्रेशन नं. : १-२०१५-१६१३**
**मो.नं. : ९८०७८७४२१७**

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | दिन समान्य छ। अचानक सञ्चित धन खर्च हुनेछ। |
| वृष : | आज तपाईले गरेका कार्यमा उन्नति हुने दिन छ। |
| मिथुन : | दिन सहज रहेको छ । रोगसंग लड्ने क्षमता बढ्नेछ। |
| कर्कट : | महत्वकांक्षी योजना अपूरा हुन सक्छन्। |
| सिंह : | आफूलाई समय नदिँदा मन दुःखी हुनेछ। |
| कन्या : | दिनराम्रोछ।साथीभाइदाहिनारहनेछन्। |
| तुला : | बौद्धिक व्यक्तित्वसंगको टकरावले मन अशान्त हुनेछ। |
| वृश्चिक : | बोलीकोप्रभावलेराम्रो काम बन्नेछ। |
| धनु : | बिहानै शुभ समाचार सुन्नाले मनमा उमङ्ग बढ्नेछ। |
| मकर : | सञ्चित धन खर्च हुनेछ। दाजुभाइसंग सल्लाह गरेर अघि बढे दिन सहज हुनेछ। |
| कुम्भ : | तपाईको मध्य साढेसाती दशा चलिरहेको छ। |
| मीन : | आफ्नै राशीमा चन्द्रमाले भ्रमण गर्दैछन्। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सर्लाही सदरमुकाम मलङ्गवामा मंगलबारदेखि सुरु हुन लागेको श्रीमद् भागवत कथा पुरानको अवसरमा मंगलबार बिहान मलङ्गवामा निकालिएको मङ्गल कलश यात्राका सहभागी । मलङ्गवा-१० स्थित तीनबिघि मैदानमा मंगलबारदेखि सुरु भएको श्रीमद भागवत कथा पुरान फागुन २५ गतेसम्म चल्नेछ। *तस्बिरः रासस*

# रौतहट प्रहरीद्वारा एकै दिनमा चौध फरार प्रतिवादी पक्राउ

रौतहट । जिल्ला प्रहरी कार्यालय रौतहटले आफ्नो संयन्त्र प्रयोग गरी एकै दिन १४ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ । विभिन्न अपराधिक घटनामा संलग्न भई जिल्ला अदालत गौरबाट दोषी ठहर भएर दण्ड सजाय तोकिए पनि फरार अवस्थामा रहेका प्रतिवादीहरूलाई पक्रन प्रहरी सफल भएको हो ।

अदालतबाट दोषी ठहर भई कानुनबमोजिम सजाय तोकिए पनि लामो समयदेखि लुकीछिपी बस्दै आएका प्रतिवादीहरूलाई प्रहरीको विशेष सक्रियतामा यही आइतबार विभिन्न स्थानबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दीपककुमार रायले जानकारी दिनुभयो।



यसरी पक्राउ पर्नेहरूमा लागुऔषध मुद्दामा दोषी ठहरिएका प्रेम राना, सागर अर्याल, बिन रानामगर भन्ने किरण रानामगर र सन्तमान लामा भन्ने सञ्चर रानामगर, वन मुद्दातर्फ फरार भएका शम्भु चौधरी, किशोरी चौधरी भन्ने नन्दकिशोर चौधरी र वीरेन्द्र चौधरी तथा जुवा मुद्दामा दोषी ठहरिएका किशोरकुमार चौधरी, रामादिनेश साह र शिवराज अधिकारी क्षेत्री रहेका छन् ।

त्यस्तै कुटपिट मुद्दातर्फ दोषी ठहरिएका शुभनारायण साह र कमल साह तेली तथा सम्बन्ध विच्छेद मुद्दातर्फका प्रतिवादी महमद असलम पक्राउ परेको प्रहरी प्रवक्ता रायले जानकारी दिनुभयो। प्रहरीले विभिन्न स्थानबाट पक्रिएका प्रतिवादीहरूलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत रौतहटमा उपस्थित गराइएको जिल्ला प्रहरी कार्यालयको सूचनामा उल्लेख गरिएको छ । रौतहट प्रहरी प्रमुख प्रहरी उपरीक्षक दिलीप घिमिरेको सक्रियतामा चालु आर्थिक वर्षमा मात्र ४०० भन्दा बढी फरार प्रतिवादीलाई पक्राउ गरी कानुनको दायरामा ल्याएको प्रहरीले स्पष्ट गरेको छ ।रासस

# नैतिक मूल्य-मान्यता, सदाचार र योग सभ्य समाजका मेरुदण्ड हुन् : राष्ट्रपति पौडेल

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले नैतिक मूल्य-मान्यता, सदाचार र योग सभ्य समाजको मेरुदण्ड भएको बताउनुभएको छ।

'सर्वोदय सेवाश्रम'द्वारा स्थापित 'नरकान्त योग राष्ट्रिय पुरस्कार तथा भैरव सदाचार राष्ट्रिय पुरस्कार' वितरण कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले स्थायित्व, समृद्धि र समतामूलक समाज निर्माणका लागि यी गुणहरू अनिवार्य भएको बताउनुभयो। उहाँले भन्नुभयो, "जब कुनै समाजले नैतिकता, अनुशासन र इमानदारीलाई सम्मान गर्छ, त्यहाँ शान्ति, सहअस्तित्व र सकारात्मक परिवर्तनको जग मजबुत हुन्छ।"

राष्ट्रपति पौडेलले प्रकृति र मानवबीचको गहिरो सम्बन्धलाई आत्मसात् गर्दै, योग शिक्षा, स्वस्थ जीवनशैली र मानवसेवाका माध्यमबाट समाजमा सकारात्मक परिवर्तन ल्याउन सकिने उल्लेख गर्नुभयो। उहाँले दुई दशकभन्दा बढी समयदेखि लमजुङमा सक्रिय सर्वोदय सेवाश्रमले योग राष्ट्रिय पुरस्कार तथा भैरव सदाचार राष्ट्रिय पुरस्कार स्थापना गरेर उदाहरणीय काम गरेको बताउनुभयो।

नेपालको निजामती प्रशासनिक क्षेत्रमा निष्ठा, इमान्दारिता र कर्तव्यपरायणताको उदाहरणीय प्रतिमान स्थापित गर्नुभएका लमजुङ, दुराडाँडाका स्वर्गीय नरकान्त अधिकारी तथा न्याय प्रशासनको क्षेत्रमा उच्चतम इमान्दारिता, कर्तव्यनिष्ठा र क्षमताको परिचय दिनुभएका सर्वोच्च अदालतका पूर्वन्यायाधीश, सुखौरा, तनहुँ निवासी स्वर्गीय भैरवप्रसाद उपाध्यायको सम्मानमा स्थापित यी पुरस्कारहरू उहाँहरूको योगदानको प्रतीक भएको राष्ट्रपति पौडेलले उल्लेख गर्नुभयो।

राष्ट्रपति पौडेलले नरकान्त योग राष्ट्रिय पुरस्कार प्राप्त गर्नुभएका प्रा डा विद्यानाथ उपाध्यायले नेपाली समाजमा शिक्षाको प्रवर्द्धन, योग तथा अध्यात्मको क्षेत्रमा पुऱ्याउनुभएको योगदान भैरव सदाचार राष्ट्रिय पुरस्कार पाउनुहुने मन्त्रिपरिषद्का पूर्वअध्यक्ष तथा पूर्वप्रधानन्यायधीश खिलराज रेग्मीले न्यायप्रतिको निष्ठा एवं नेपालको सङ्क्रमणकालीन समयमा देशलाई स्थायित्व प्रदान गर्न पुऱ्याउनुभएको योगदान प्रशंसनीय रहेको बताउनुभयो।

**रेग्मी र उपाध्याय सम्मानित**

सर्वोदय सेवाश्रमले यस वर्षको भैरव सदाचार राष्ट्रिय पुरस्कार मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मी र नरकान्त योग राष्ट्रिय पुरस्कार प्रा डा विद्यानाथ उपाध्याय भट्टलाई प्रदान गरेको छ। पुरस्कारको राशि जनही रु एक लाख र सम्मानपत्र रहेको छ। ती दुवै पुरस्कार राष्ट्रपति पौडेलले उहाँहरुलाई हस्तान्तरण गर्नुभयो।

मन्त्रिपरिषद्का पूर्वअध्यक्ष तथा पूर्वप्रधानन्यायधीश रेग्मीलाई देशको कार्यकारी र न्यायालयको सर्वोच्च पदमा रहेर महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै पुरस्कृत गरिएको हो। यस्तै उपाध्याय भट्टले योग चिकित्सा र प्रशासनको क्षेत्रमा अतुलनीय योगदान गरेकामा पुरस्कार प्रदान गरिएको हो।

पुरस्कृत व्यक्तित्व मन्त्रिपरिषद्का पूर्वअध्यक्ष रेग्मीले मानवता, नैतिकता र सच्चरित्रता जस्ता विषयको सिकाइ र शिक्षाबारे अध्ययन गराउन छाडिएकाले नैतिकता, सदाचार जस्ता मानवीय सच्चरित्रताका गुणहरू समाजमा ह्रासोन्मुख हुँदै गएको बताउनुभयो।



"मानिसमा आफ्नो र स्वार्थका लागि जे पनि गर्ने प्रवृत्ति बढ्दै गएको छ। अनुशासन, विनयशीलता र वाणीमा शालीनता हराउँदै गएको छ," उहाँले भन्नुभयो- "अंहकार र दम्भको भावना बढेको पाइन्छ। यसैले व्यक्ति, समाजलाई विनयशील, चरित्रवान्, अनुशासित बनाउन नैतिक शिक्षा र सिकाई पद्धतिमै सुधारको आवश्यकता छ।"

पूर्वअध्यक्ष रेग्मीले आफूले प्राप्त गरेको पुरस्कारको राशि मानवीय सेवा र सदाचारको प्रवर्द्धनमा उपयोग गर्नेगरी आफ्नै जन्मथलो पाल्पाको विद्यालयमा पढ्ने अनुशासन, सदाचार र राम्रो आचरणमा उत्कृष्ट विद्यार्थी पुरस्कृत हुने गरी समर्पण गर्ने घोषणा गर्नुभयो।

अर्का पुरस्कृत व्यक्तित्व प्रा डा उपाध्याय भट्टले योग शिक्षा र योग विज्ञान हरेक मानिसको जीवनसँग जोडिएको विषय रहेको उल्लेख गर्दै योग साधना, सदाचार र नैतिक चाचरणको प्रवर्द्धनका लागि सबै जुट्नुपर्ने खाँचो औंल्याउनुभयो। सर्वोदय सेवाश्रमका अध्यक्ष कृष्णराज ओलियाले योग शिक्षा, मानव स्वास्थ्य, सामाजिक सेवा, नैचिक सदाचार आदि विषयमा संस्थाले काम गर्दै आएको जानकारी दिनुभयो ।रासस

# डोला दर्शनका लागि श्रद्धालुको भीड

महोत्तरी। 'सियावर रामचन्द्रकी जय हो' एउटै वाणी, एउटै लय । मिथिला माध्यमिकी परिक्रमाका यात्रीको अचेल मन्त्र पनि यही, जाप पनि यही। प्राचीन मिथिलाका चार सुरका चार महादेव मन्दिरको १३३ किलोमिटरको वृत्तभित्र गरिने १५ दिने मिथिला माध्यमिकी यात्राका सहभागी आज पश्चिम सुरका महादेव श्री जलेश्वरनाथका काखमा छन्। यात्राको पाँचौं दिन रात्रिबसका लागि आज जलेश्वर आइपुगेका यात्रीको श्री जलेश्वरनाथ मन्दिरमा गुञ्जने 'जयशम्भो' को स्वरमा लय मिसिँदो छ।

कोही 'जय श्रीराम !' पुकार्दैछन्, कसैको 'जयशम्भो' को पुकारा सुनिन्छ। पिठ्यूँमा फेरफार लुगा र सामल खाजाको पोका, मन र वचनबाट श्रीराम नाम सङ्कीर्तन । माध्यमिकी परिक्रमाको पाँचौं दिन यात्री जलेश्वर पुग्दा जलेश्वरवासीले हार्दिक स्वागत गरेका छन् । यात्रीको सेवामा हरदम तत्पर छन्, जलेश्वरवासी।

यात्राको पाँचौं दिनको विश्रामस्थल जलेश्वरस्थित परिक्रमा पोखरीका चारै डिल यात्रीले खचाखच छ। नगरका सडक भरिभराउ छन्। श्रीराम र श्री जानकीजीको डोला दर्शन गर्न पुग्ने श्रद्धालुको भीड उत्तिकै छ । जलेश्वर नगरभरि स्वागतद्वार र ध्वजापताका सजाइएका छन् । आज जलेश्वर उजेलिएको छ, आज जलेश्वर चहकिएको छ। जताततै भीड छ, तर कोलाहल छैन, भक्तिभजनका स्वर गुञ्जिदाछन् । 'आजु जलेश्वर सुमङ्गल हे...!'

मिथिलाविहारी (श्रीराम) र किशोरीजी (श्री जानकी) को पदचाप पछ्याउने यात्राको ध्येय अनि कल्याण र मोक्षको कामना । अघि त्रेतायुगमा विवाहपश्चात् श्रीराम र जानकी तत्कालीन मिथिला (विदेह) राज्यका विभिन्न ठाउँमा घुम्दै विहार गरेका सम्झनामा १८औं शताब्दीमा माध्यमिकी परिक्रमा प्रारम्भ भएको मानिन्छ । मिथिलाको महाकुम्भ भनिने यो यात्रामा नेपाल र भारतका साधुसन्तको सरिकता हुँदै आएको छ। गृहस्थ आश्रमका पनि १५ दिन सांसारिक मायाजाल पन्छाएर सरिक हुँदै आएका विगतदेखिको परम्परा छ।

फागुन औंसीका दिन धनुषाको ठेराकचुरीस्थित मिथिलाविहारी स्थानबाट मिथिलाविहारी (श्रीराम) को प्रतिमा राखिएको डोला अघि लगाएर निस्कने यात्रामा जनकपुरधामको अग्निकुण्डस्थानबाट निस्कने किशोरीजी (जानकीजी) को डोला मिसिएपछि विधिवत् प्रारम्भ भएको यात्रा आज पाँचौं दिन जलेश्वर आइपुगेको हो।



जनकपुरधामस्थित जानकी मन्दिर, राम मन्दिर, जनक मन्दिर र दुलहादुलही मन्दिरसहित पवित्र तलाउ गङ्गासागर एवं धनुषसागरको प्रदक्षिणा गर्दै पहिलो रात्रिबास धनुषाको हनुमानगढीमा बसेका यात्रीले यसअघि भारतको मधुवनी जिल्लाका कलना र फूलहरमा दोस्रो र तेस्रो दिन बिताई चौथो दिन हिजो मटिहानीबाट महोत्तरी प्रवेश गरेका हुन् । नेपाल र भारतका विभिन्न तीर्थस्थल घुम्दै १३३ किलोमिटरको यात्रा गरिने यो क्रममा १५ रात्रिबासको परम्परा छ । नेपालतर्फ महोत्तरी र धनुषा गरी १०७ र भारतर्फ मधुवनी जिल्लामा २६ किमी दूरी तय गरिन्छ। यात्रा क्रममा धनुषामा छ, महोत्तरीमा पाँच र भारतको मधुवनीमा चार रात्रिविश्रामको परम्परा छ।

महाशिवरात्रिलगत्तै प्रारम्भ हुने यो यात्रामा भगवान् सदाशिव र श्रीराम तथा जानकी समान रूपले पुकारा गरिने इष्टदेव मानिँदै आइएको छ। कूल १३३ किमीको वृत्ताकारभित्र चार सुरमा शिवालय छन्। पूर्वमा कल्याणेश्वरनाथ, पश्चिममा जलेश्वरनाथ, उत्तरमा क्षीरेश्वरनाथ र दक्षिणमा सतोखरनाथ।

सदाशिवले यात्रा मङ्गलमय र कल्याणदायक बनाउने हिन्दू मैथिल जनविश्वास छ । डोला जहाँ पुग्छन्, दर्शन गर्नेको चाप हुन्छ। यो यात्रा नेपाल भारतबीच सांस्कृतिक, धार्मिक र आपसी कुटुम्ब सम्बन्धको अटुट परम्परा पनि भएको मटिहानीस्थित राजकीय संस्कृत माध्यमिक विद्यालयका कर्मकाण्ड विषयका शिक्षक शोभाकान्त झा बताउनुहुन्छ।

यात्राको चौथो दिन मटिहानीबाट महोत्तरी प्रवेश गरेको परिक्रमा यात्री टोली अब आठौं दिनसम्म यसै जिल्लामा रहनेछन् । यस क्रममा आज पाँचौं दिन जलेश्वरमा रात्रिबास हुनेछ । मटिहानीमा जिल्लाको पहिलो रात्रिबास हुने परम्परा छ । यसैगरी छैटौं दिन मडै, सातौं दिन ध्रुवकुण्ड र आठौं दिन कञ्चनबन रात्रिबासपछि महोत्तरीको यात्रा पूरा हुने परम्परा छ । त्यसैगरी, हनुमानगढीमा पहिलो रात्रिबासबाट प्रारम्भ भएको यात्रामा नवौं, १०औं, ११औं, १२औं र अन्तिम रात १५औं गरी छ रात धनुषामा बस्ने परम्परा छ। जसमा क्रमशः पर्वता, धनुषाधाम, सतोखर, औरही र जनकपुरधामको रङ्गशाला मैदान पर्छन् । त्यस्तै, मित्रराष्ट्र भारतको मधुवनी जिल्लामा दोस्रो कल्याणेश्वर, तेस्रो फुलहर, १३औं करूणा र १४औं दिन बिसौल रात्रिबासको परम्परा छ। पूर्व सुरमा सदाशिव श्री कल्याणेश्वरनाथ, पश्चिममा श्री जलेश्वरनाथ, उत्तरमा श्री क्षीरेश्वरनाथ र दक्षिणमा सतोखरनाथले यात्रा अवधिभरि डोला र यात्रीको रखबारी गर्ने विश्वास गरिन्छ।

आरोग्यता, कल्याण र मोक्ष कामनाका साथ गरिने मिथिला माध्यमिकी परिक्रमा १५ दिनमात्र भए पनि सांसारिक मायाजालबाट पन्छेर अलौकिक यात्राको अवसरका रूपमा यात्री लिन्छन् । "घरपरिवारको बुहार्तन त जिन्दगीभरि झेल्नु छँदैछ नि !" आज जलेश्वरमा भेटिनुभएका यात्री महोत्तरीकै भङ्गाहा-४ का लाली महतोले भन्नुभयो, "घरमा छोराबुहारी नातिनातिनाभरि छन्, हामी बूढाबूढी यसपालि यात्रामा निस्कियौं" सँगै रहनुभएकी जीवनसँगिनीतर्फ पुलुक्क हेर्दै उहाँले अगाडि भन्नुभयो, "प्रभुले पार लगाउनु हुनेछ।"

डोलाको आगमनसँगै विश्रामस्थलमा भक्तालुले दर्शन गर्ने र भजन, कीर्तनसहित धार्मिक मेला आयोजन हुँदै आएको परम्परा छ। यात्रीहरूको भोजन, आवास, खानेपानी र प्राथमिक उपचार र आइपर्ने अन्य कुनै कामका लागि स्वयंसेवकसहितको आवश्यक प्रबन्धमा अन्य विश्रामस्थलका झैं जलेश्वरवासी अहिले दिलोज्यानले खटेका छन् । यो यात्रा दैहिक नभएर पारलौकिक हुने विश्वास गरिन्छ । नाङ्गा खुट्टाले गरिने यो यात्राले सांसारिक दुःखकष्टबाट मुक्ति दिने हिन्दू मैथिल जनविश्वास रहेको जलेश्वर-१ का बासिन्दा ७० वर्षीय सुधीर साह बताउनुहुन्छ। यात्राको बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्, मार्गमा पर्ने स्थानीय तह र धार्मिक मठहरूले संयोजन तथा समन्वय गर्दै आएका छन्।

मिथिलामा यात्रामार्गभित्रका जनजन यो महाकुम्भमा परिचालित देखिन्छन्। यात्रामा हुनेको त आफ्नो तालिका छँदैछ, यात्रामार्गका बस्तीबस्तीमा परिक्रमाको पर्खाइ हुन्छ। ल आज आफ्नो बस्ती हुँदै परिक्रमा आउँछ भन्ने भएपछि सबै डोला दर्शन र यात्रीको खातिरदारीमा सामर्थ्य लुकाउँदैनन्।

कोही सर्वत ख्वाउने, कोही खाजा ख्वाउने र कोही वस्त्र फेराउने कार्यमा तल्लीन देखिन्छन्। आफैं यात्रामा निस्कन नसक्नेले डोलाको दर्शन र यात्रीको सेवा गरेर पुण्य आर्जन हुने यहाँ जनविश्वास छ । "अहो भावले अतिथि सत्कारको त हाम्रो स्थापित परम्परा नै हो, अतिथि देवरूप हुने मैथिल विश्वास छ," यात्रीको सेवासत्कारमा जुटेका साह भन्नुहुन्छ, "त्यसमा पनि अहिलेका अतिथि (यात्री) त विशिष्ट हुन्।"

जुनसुकै विश्रामस्थलमा यात्रीको आवास, भोजन, स्वास्थ्योपचार, सुरक्षा र अन्य आवश्यकताबारे स्थानीय (विश्रामस्थल वरिपरिका बासिन्दा) ले स्वस्फूर्त रूपमै पनि चासो र भागिदारी लिने गरेका छन् । 'डोला दर्शन र अतिथि सेवाको अवसरले हामी धन्य भएका छौं' सेवासत्कारमा जुटेका जलेश्वरवासीमा समर्पण भाव झल्केको देखिन्छ। 'सियावरके सुखद आगमन हे..! आजु जलेश्वर सुमङ्गल हे !!'रासस

# मधेशी ट्रेड युनियन महासंघ सप्तरी गठन

**टुडे समाचारदाता**

राजविराज । जनता समाजवादी पार्टी नेपाल समर्थित मधेशी ट्रेड युनियन महासंघ नेपाल सप्तरी तदर्थ समिति गठन गरेको छ।

जसपा नेपाल सप्तरीको जिल्ला पार्टी कार्यालयमा मधेशी ट्रेड युनियन महासंघ नेपाल, मधेश प्रदेशको संयोजक गोपी चन्द्रप्रसाद यादवको अध्यक्षतामा आयोजित एक भेलाले संजयकुमार साहको नेतृत्वमा १६ सदस्य जिल्ला तदर्थ समिति गठन भएको छ।




गठित समितिको उपाध्यक्षमा गुलाब यादव, सचिवमा सरोज कुमार यादव, सहसचिवमा रामचन्द्र यादव, कोषाध्यक्षमा अमरेन्द्र वर्मा रहेका छन् । त्यस्तै सदस्यहरुमा उमेश श्रेष्ठ , शम्भु परियार, वीरेन्द्र साह, बिन्दालाल यादव , शविन्द्र यादव , अनिल कुमार रजक, गणेश साह, सन्तोष कुमार यादव, भरत यादव, प्रवीण झा र प्रवीण यादव रहेका छन् ।

सो अवसरमा जसपा नेपाल सप्तरीको जिल्ला अध्यक्ष केदार प्रसाद यादव, जसपा नेपालको नेता राजविराज- ९ का वडा अध्यक्ष जवाहर यादव, समाजवादी विद्यार्थी युनियन नेपाल, सप्तरीका जिल्ला अध्यक्ष श्यामकुमार यादवलगायतका उपस्थित रहेको थियो ।

# भैरहवा कारागार स्थानान्तरण गर्न गृहमन्त्री लेखकको आश्वासन


लुम्बिनी ।भैरहवास्थित जिल्ला कारागार स्थानान्तरणका लागि गृहमन्त्री रमेश लेखकले आश्वासन दिनुभएको छ।

सिद्धार्थनगर नगरपालिकाका प्रमुख इशितयाक अहमद खाँसँगको छलफलपछि गृहमन्त्री लेखकले कारागार स्थानान्तरणका लागि बजेट सुनिश्चित गर्दै प्रक्रियाअघि बढाउने आश्वासन दिनुभएको हो।



रूपन्देहीको जिल्ला कारागार सदरमुकाम भैरहवामा अवस्थित छ । घना बस्तीको बीचमा रहेकाले यसबाट विभिन्न समस्या हुने गरेको र नगरको सुन्दरतामा समेत असर परेको भन्दै नगरप्रमुख खाँले कारागार स्थानान्तरणको पहल गर्न मन्त्री लेखकसँग आग्रह गर्नुभएको थियो । छलफलका क्रममा भैरहवास्थित जिल्ला कारागारको हालको जग्गा नगरपालिकालाई हस्तान्तरण गरी बदलीमा नगरपालिकाले अन्यत्र उपयुक्त जग्गा प्रदान गर्ने प्रस्ताव नगरप्रमुख खाँले गृहमन्त्री लेखक समक्ष प्रस्ताव राख्नुभएको थियो।

गृहमन्त्री लेखकले नगरप्रमुख खाँको प्रस्ताव सकारात्मक रहेको भन्दै कारागारका लागि नयाँ भवन निर्माण गर्न बजेट सुनिश्चित गरी स्थानान्तरणको प्रक्रिया अघि बढाइने प्रतिबद्धता जनाउनुभयो। नेपाली कांग्रेसका क्षेत्रीय सभापति तथा क्षेत्रीय प्रशिक्षण शाखा प्रमुखहरुको प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रममा भाग लिन उहाँ भैरहवा आउनुभएको हो। रासस




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# कमिसनले कमसल काम

मधेश प्रदेशमा विकास निर्माणको काम कम हुन्छ । हुने काम पनि कमसल हुन्छ । गुणस्तरीय काम नहुँदा सरकारको लगानी बालुवामा पानी सरह हुने गरेको छ । गुणस्तरीय कामका लागि कमिसन र भ्रष्टाचार हुनु हुँदैन । तर मन्त्री नै कमिसन लिएर दलाललाई जिम्मा लगाउँदा गुणस्तरीय कामको अपेक्षा पनि गर्न सकिदैन । मधेश प्रदेशमा अहिले सबै मन्त्रालयबाट विकास निर्माणका कामहरु सुरुवात भएको छ । टेण्डर निकाल्ने र उपभोक्ता समितिबाट हुने कामको कार्यादेश बितरण धमाधम भइरहेको छ । टेण्डरबाट काम हुँदा मन्त्रीले थोरै मात्र कमिसन पाउने भएकाले अधिकांश काम उपभोक्ता समिति मार्फत गराउन थालिएको छ । उपभोक्ता समितिबाट काम गराउन सांसद र मन्त्रीहरु एकजुट भएर प्रदेश सभाबाट संकल्प प्रस्ताव पारित गरेका छन् । मन्त्री स्वयंले कार्यादेश बिक्री गरिरहेका छन् । कतिपय मन्त्रीले जिल्लागत रुपमा दलाल खटाएका छन् । तर केही मन्त्रीले आफैँ कमिसन लिएर दलाललाई योजना बेच्ने गरेका छन् । एउटा मन्त्री समेतले कमिसन लिने र दिने गरिरहेका छन् । एमालेका युवा, खेलकुद तथा समाज कल्याण मन्त्री प्रमोद जयसावलले दलालहरुसित अग्रिम ८ प्रतिशत कमिसन लिने गरेको आरोप छ । दलालले २० प्रतिशत सम्म अग्रिम कमिसन लिएर कार्यादेश बेच्ने गर्छन् । बीस प्रतिशत कमिसन मन्त्रीले लिने, १० प्रतिशत कमिसन प्राविधिक कर्मचारीले लिने, उपभोक्ता समिति गठन गर्न कम्तीमा ५ प्रतिशत वडा कार्यालयले कमिसन लिने, टोले गुण्डाहरुले कम्तिमा ५ प्रतिशत खाने, पुँजी लगाएर काम गर्ने उपभोक्ता समितिले २५ प्रतिशत अथवा उपभोक्ता समितिले बेच्ने ठेकदारले २५ प्रतिशत लिने र उपभोक्ता समितिलाई कम्तीमा १० प्रतिशत दिने गर्दा ५५ प्रतिशत रकम कमिसनमा जाने गरेको छ । ४५ प्रतिशत रकमले गरिने काम गुणस्तरीय हुन सक्दैन । जनमत पार्टी सरकारभन्दा बाहिर रहँदा भ्रष्टाचार, शिक्षा, स्वस्थ्य, कृषि लगायतका विषय उठाएर सडक आन्दोलन गरेका थिए । तर विगतको सरकारले गरेका सबै कुकृत्यहरुलाई जनमत नेतृत्वको सरकारले उछिनेको छ । हालसम्मकै सबैभन्दा बढी आर्थिक अनियमितता, ढिलासुस्ती र कमिसनखोरी वर्तमान सरकारमा देखिएको छ । मन्त्रीहरुले खुल्लेआम योजना बेच्ने गरेका छन् । अग्रिम कमिसनका लागि मन्त्रीहरुबीच नै विवाद चर्किएको छ । एउटा मन्त्रीले अर्का मन्त्रीसित कमिसन लिने गरेका छन् । कमिसनले सरकारमा कलह बढाएको छ । आमनागरिकले सरकारको कुकृत्यहरुबारे थाहा पाएका छन् । विगतमा मधेश प्रदेश मात्र संघीयताको अभ्यास गरिरहेको चर्चा थियो । अहिले त मुख्यमन्त्री, मन्त्री सबे कमिसन खोज्ने र खानेमा लागेका छन् । मधेश प्रदेश पछाडि धकेलिदै छ । मधेशवासीले यस तर्फ ध्यान दिन आवश्यक छ ।

# ड्यामेज कन्ट्रोलको अपेक्षा र प्रचण्डको मधेश दौडाहा



रोशन जनकपुरी

माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड आफ्नो शीर्षस्थ नेतृत्व टीम सहित अहिले तराई मधेशकेन्द्रित अभियानमा छन् । 'जनतासँग माओवादी' नाम दिइएको यस अभियानमा नारायणकाजी श्रेष्ठ, अग्नि सापकोटा, देव गुरुङ्ग, पम्फा भुसाल, जनार्दन शर्मा, वर्षमान पुन, गिरिराज पोखेल, मातृकाप्रसाद यादव जस्ता पार्टीका शिर्षस्थ हैभीवेट नेताहरु सँगै नेपाल समाजवादी पार्टीका अध्यक्ष महेन्द्र राय यादव समेतको उपस्थिति हेर्दा लाग्छ माओवादी केन्द्र सांगठनिक जनाधार तथा चुनावी परिणाममा ओरोलो लागेको स्थितिलाई परिवर्तित गर्न आफ्नो सम्पूर्ण ऊर्जा सहित अभियानमा जुटेको छ । माओवादी केन्द्रका नेताहरु र उनिहरुले अन्तर्वार्ता तथा सभाहरुमा अभिव्यक्त गर्ने गरेको बोलीहरु सुनेपछि लाग्छ, आगामी ०८४सालको संसदिय निर्वाचनमा उनिहरु न्यूनतम् ०६४सालमा पहिलो सम्विधान सभाको निर्वाचनमा प्राप्त परिणाम तथा सांगठनिक स्थितिलाई दोहोऱ्याउन चाहन्छन् । त्यतिबेला नेकपा .(माओवादी)को एकीकृत संगठनको रुपमा रहेको माओवादी सम्विधान सभामा पहिलो पार्टी थियो । उसले प्रत्यक्ष तर्फ कुल २४० मध्ये १२० सीट तथा ३१ प्रतिशत समानुपातिक मत प्राप्त गरेको थियो । भर्खर दसवर्षे जनयुद्धलाई विराम दिइ शान्ति प्रक्रियामा आएको माओवादीहरु प्रति देशैभरी जब्बर क्रान्तिकारी आकर्षण, विश्वास र जनअपेक्षा थियो । यसै जनआकर्षणको परिणाम थियो कि हालको कोशी प्रदेश, विशेष गरेर झापा, जसलाई एमालेको पारम्परिक गढ मानिन्छ, त्यहाँपनि एमालेका जायन्ट नेताहरु पराजित भएका थिए । झापामा हालको प्रधानमन्त्री केपी ओली माओवादीको एउटा सामान्य कार्यकर्तासँग पराजित भएका थिए । त्यही नेपाली काँग्रेसका कृष्णप्रसाद सिटौला जस्ता वरिष्ठ र प्रभावशाली नेताले समेत पराजय भोग्नु परेको थियो । तर त्यसपछि पार्टी टूटफूट तथा गठबन्धन सत्ताको जोगाड्ु जोडतोडको राजनीतिमा फँसेर क्रान्तिकारी चरित्रको पार्टीबाट नियमित संसदिय पार्टीमा परिणत भएको माओवादी केन्द्र हरेक आम निर्वाचनमा खस्कँदै अहिले संसदमा तेस्रो स्थानमा छ ।

फागुन १२ गतेदेखि झापाको कचनकवलबाट शुरु भएको यो अभियान चैत ७ गते कञ्चनपुरमा गएर यो अभियान सकिनेछ । फागुन १६ गते सप्तरीबाट मधेश प्रदेशमा प्रवेश गरेको प्रचण्डको टीम फागुन २४ गतेसम्म यस प्रदेशका जिल्लाहरुमा रहने छ । प्रायः जिल्ला सदरमुकाम र सहरीक्षेत्र भन्दापनि ग्रामीण क्षेत्रहरुमा बढी केन्द्रित देखिएको यस अभियानमा सहिद परिवार र कार्यकर्ताहरु सँग भेँटघाँट, चुनावी शैलीका सभा, जनस्तरमा अन्तक्रिया, पत्रकार सम्मेलन र पार्टी प्रवेशको कार्यक्रमहरु हेर्दा लाग्छ, माओवादी केन्द्र योजनाबद्धरुपमा अभियानमा उत्रेको छ ।

माओवादी केन्द्रका अध्यक्ष प्रचण्डको चुनौती के छ भने एकातिर माओवादीशक्ति अहिले दसभन्दा बढी टुक्रामा विभाजित छ । स्वयं माओवादी केन्द्र जनवादी एजेन्डाभन्दा पनि चुनाव र सरकारमा बस्ने राजनीतिमा बढी व्यस्त रहेको आरोप पार्टीभित्र कै नेताहरुले पटक पटक उठाउने गरेका छन् । माओवादी केन्द्रको अर्को चुनौती, अन्य नियमित संसदिय पार्टीहरु जस्तो पार्टीमा गुटहरुको उपस्थिति तथा यसै कारण जिल्ला र स्थानीय स्तरमा कार्यक्रमिकरुपमा प्रभावशाली र सक्रिय पार्टी कमिटीको अभाव हो । यससँगै पार्टीभित्र पार्टी अनुशासनहीनता र अराजकतालाई पनि उपेक्षा गर्न सकिँदैन ।

विगत १८ वर्षमा सरकारमा टिकि रहन पार्टी अध्यक्ष प्रचण्डले जसरी नेका र एमालेसँग गठबन्धन गरेर पटक पटक प्रधानमन्त्री बन्न सफल भए, त्यस बुर्जूआ संसदिय संगतको असरबाट माओवादी केन्द्रपनि अछूतो रहेन । पार्टीमा भित्री बाहिरी सबैतिरका आर्थिकरुपमा समृद्ध भएकाहरुको वर्चस्व बढदै गयो । विशेष गरेर सत्ता राजनीतिमा धनाढ्य वर्गको वर्चस्व बढदै जानुले संघदेखि स्थानीय सरकारमा ठूलो सानो जुनसुकै चुनावी पदमा जानुको अर्थ जसरी भएपनि अर्थोपार्जन गर्नु तथा आगामी राजनीतिको निम्ति धन जम्मा गर्नु पर्छ भन्ने भावना बलवती हुँदै गयो । यसले पार्टीभित्र इमान्दार नेता तथा कार्यकर्ताहरु तथा पहुँच नभएका पार्टी समर्थकहरु क्रमशः ओझेलमा पर्दैजानु स्वाभाविक थियो । भयोपनि यस्तै । परिणाम, माओवादीप्रति जनयुद्धकाल देखि नै विश्वास र समर्थन गर्ने गरिब गुरुवा, श्रमजीवि तथा उत्पीडित वर्ग तथा जनसमुदायमा उपस्थित जनाधारले मात्र सृजना गर्न सक्छ ; जो अहिले उदासीन छ । प्रचण्डले बुझेका छन्, यस उपेक्षित जनाधारमा विश्वास र उत्साह सृजना गरेमा मात्र उनले अपेक्षित परिणाम पाउन सक्छन् । अध्यक्ष प्रचण्ड लगायतका नेताहरुले आमसभाहरुमा, अन्तर्वाताहरुमा र पार्टी दस्तावेजहरुमा समेत जसरी गठबन्धन राजनीतिमा फँसेर पार्टी दक्षिण दक्षिण हुँदै गएको, तथा एजेन्डाबाट टाढिएको, र अब आफूहरु सच्चिनका निम्ति जनता बीच आएको भनिरहेका छन्, यो सब त्यसैको परिणाम हो ।

माओवादीको नीति र अहिलेको ट्र्याक्टिस विचार गर्ने हो भने उनिहरु एकातिर आधारभूत जनाधारमा उत्साह र विश्वास भर्न खोज्दै छन् भने अर्कोतिर समग्र राजनीतिमा नेका र एमाले प्रति र तराई मधेशमा मधेशकेन्द्रित दलहरुप्रति आक्रामक प्रचारमा देखिन्छन् । नक्कली मधेशवादीहरुको भ्रम न पर्नुस, अब मधेशको मुक्तिको जिम्मा हामीलाई दिनुस भनेर माओवादी केन्द्रका अभिव्यक्तिहरु यस्तै ट्र्याक्टिकल अभिव्यक्ति हो । वर्तमान संघीय गणतन्त्रको दुई स्थितिमा सरकार ढलेको थियो, तथा नेका र एमाले नेतृत्वको सरकार आकस्मिकरुपमा गठन भएको थियो । भ्रष्टाचार विरुद्धका कार्वाहीहरुलाई माओवादी केन्द्रका नेताहरुले आफ्नो उपलब्धिको रुपमा बखान गर्छन् । यो अलग कुरा हो, भ्रष्टाचारसम्बन्धी केही प्रश्नहरु माओवादी केन्द्रका नेताहरु प्रतिपनि उठने गरेको छ । यद्यपि स्वयं प्रचण्ड प्रम हुने बेलामै माओवादीकेन्द्रका नेता निकटका केही व्यक्तिहरु समेत पक्राउ परेका थिए ।



अहिले जब माओवादी केन्द्र सरकारबाट बाहिर छ, अपेक्षाकृत कमजोर चुनावी जनाधार तथा सांगठनिक स्थिति उसको सबैभन्दा ठूलो चुनौतीको रुपमा देखिएको छ । ०८४ सालको आम चुनाव र स्थानीय चुनाव नजिकिँदै जाँदा नेका र एमाले लगायत प्रायः सबै दलहरु कुनै न कुनै रुपमा सक्रिय हुँदै छन् । यस दृष्टिले विचार गर्दा माओवादी केन्द्र यस अभियान मार्फत आफ्ना आन्तरिक सांगठनिक म्याकेनिज्म ठिक पार्ने तथा विगतका वर्षमा भएको ड्यामेज कन्ट्रोल गर्न खोजेको सहजै बुझ्न सकिन्छ ।

माओवादी केन्द्रको निम्ति नयाँ परिस्थिति के हो भने संसदको दुई ठूला दल नेका र एमाले यस पटक नजिकिएको हुनाले उसको निम्ति 'एक्लै हिडनु'को विकल्प छैन । माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले यस पटक पार्टीले कसैसँग सम्झौता नगर्ने, आगामी चुनाव एक्लै लड्ने घोषणा गर्नुको वस्तुस्थिति यो नै हो । तर ढीलाढाला संगठन, कमजोर जनाधार तथा विकासे चुनावी एजेन्डा मात्रले माओवादी केन्द्रको नैया पार लाग्ने देखिँदैन । यो कुरा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले बुझेका छन् । उनले के पनि बुझेका छन्, भने मध्यवर्गीय धनाढ्यवर्ग उनको सुखका साथी मात्र हुन् । धनाढ्य वर्गलाई आफ्नो वरिपरी झुम्याउन उनले जीतको सम्भावना जन्माउनु र कायम राख्नु जरुरी छ । तर उनको जीतको आधार निर्णायक नवोदित राजनीतिक शक्ति माओवादी र मधेशकेन्द्रित दलहरु हुन् । पहिलो सम्विधान सभा ताका पार्टीको रुपमा भिन्न रहेपनि चुनावी तालमेल गरेका मधेशकेन्द्रित दलहरुले एकीकृतरुपमा सबैभन्दा बढी सीट जितेका थिए । माओवादीहरु उनका प्रतिस्पर्द्धि थिए । तर मधेशकेन्द्रित दलहरुपनि आफ्नो एजेन्डा र जनमुखीपनाबाट च्युत हुँदै गएर, मधेशमा क्रमशः नेका र एमाले नै बलियो हुँदै गएको स्थिति छ । माओवादी केन्द्र त नेका र एमालेसँग गठबन्धनको समीकरणमा जोडतोड गरेर जेनतेन सत्ताशीर्षमा अर्थात् सरकारको नेतृत्वमा हावी भै रह्यो । मधेशकेन्द्रित दलहरु भने सत्ताको हिस्सेदारीको लोभमा कहिले यता, त कहिले उता शुरु देखि नै ढल्किने गरिरह्यो । अर्थात् इमान्दारीको दृष्टिले अस्थिरता मधेशकेन्द्रित दलका नेताहरुमा हमेशा कायम रह्यो । यो स्थिति अहिलेपनि छ । हुन त वर्तमान संसदिय वृत्त यस्तो स्नानगृह छ, जस्मा सबै नाङ्गा छन् । माओवादीकेन्द्रका नेताहरु भने मधेशकेन्द्रित दल र नेताहरुको यस स्खलनलाई आक्रामकरुपमा उठाएर तराई मधेशमा आफ्नो कमब्याकको हतियार बनाउन खोजीरहेका छन् ।

माओवादीको अर्को हतियार भ्रष्टाचार विरुद्धको आफ्ना उपलब्धिहरु हो । प्रचण्ड नेतृत्वको सरकार हुँदा नेका र एमालेका शिर्षस्थ नेता विरुद्धको भ्रष्टाचारको फाइल खुलेको तथा पक्राउ पर्न थालेको

माओवादी केन्द्रका नेताहरु आफूहरु सच्चिने तथा भ्रष्टाचार विरुद्धको अभियानमा दृढतापूर्वक उभिने वाचापनि जनता बीच गरिरहेका छन् । यदि माओवादीकेन्द्रका नेताहरु वर्तमान राजनीतिलाई भ्रष्टाचारमुक्त गराउन इमान्दारीपूर्वक सोँची रहेका छन्, भने दलालपूँजीपति तथा नोकरशाह पूँजीपतिको हालीमुहाली तथा समग्र राजनीतिक कार्यक्रममा निजी पूँजीको वर्चस्व रहेको वर्तमान संसदिय राजनीतिमा त्यो सम्भव देखिँदैन । वर्तमान राजनीतिक संरचना तथा चरित्रमा आमूल परिवर्तनको आवश्यकता छ । भन्नु पर्दैन, निजी पूँजीको प्रभावबाट स्वयं माओवादी केन्द्रपनि मुक्त छैन । यस्तोमा प्रचण्ड र माओवादी केन्द्रको ०६४को स्थितिमा पार्टीलाई फर्काउने लक्ष्य अत्यन्त चुनौतीपूर्ण छ । यद्यपि माओवादी केन्द्रले आगामी निर्वाचन एक्लै लडने घोषणाले उसको पार्टी पंक्तिभित्र तथा आधारभूत जनताबीच पुग्न उत्साह भने पक्कै थप्ने छ । झापाको कचनकवलमा माओवादी नेताहरुले सहिद परिवारको घरमा खाना खाएर अभियानको शुरुआत गर्नुलाई यसैको शुरुआती शृङखला भन्न सकिन्छ ।

माओवादी केन्द्रको यस अभियानप्रति जसरी अन्य राजनीतिक दलका नेताहरुले सतर्क प्रतिक्रिया व्यक्त गरिरहेका छन्, त्यसले मधेशकेन्द्रित दलहरुमा सामान्य भएपनि तरंग भने अवश्य देखिन्छ । यो स्वाभाविक पनि हो । यस दृष्टिले विचार गर्ने हो भने माओवादी केन्द्रको यस अभियानले अन्य दलहरुलाई पनि सक्रिय हुन बाध्य गराउने देखिन्छ । सम्भव छ, आगामी दिनहरुमा अन्य दलहरुको पनि तराई मधेशमा जमावडा कुनै न कुनै निहुँमा देखिन सक्छ ।

जहाँसम्म माओवादी केन्द्रले यस पटक एक्लै चुनाव लडने निर्णय गरेर यस खाले अभियान सञ्चालन गर्नुको प्रश्न छ, पार्टी संगठन र सिद्धान्तको दृष्टिले पार्टीलाई थोरै भएपनि वाम वैचारिकताप्रति सोँच्न र सच्चिन प्रेरित गर्न सक्छ । विगतका दुई दशकमा सत्ताशीर्षमा बस्न गठबन्धन र जोडतोडको राजनीतिमा रहेका प्रचण्डको निम्ति पार्टी र संगठन दोस्रो प्राथमिकतामा थिए । यस पटकको एक्लो अभियानले उनलाई पार्टी नेताहरुप्रति सत्ताको अवसरको रुपमा होइन, कि सांगठनिक महत्वको दृष्टिले व्यवहार गर्न बाध्य गर्ने छ । यसरी नै यसले पार्टीका अन्य नेताहरुले पनि अध्यक्ष प्रचण्डमाथी दबाब सृजना गर्न मद्दत गर्ने छ । विगत केही वर्षदेखि पार्टीभित्र अध्यक्ष प्रचण्डलाई चुनौती दिने नेताहरु पनि देखिन थाल्नु सम्भवतः यसैको परिणाम हो ।

माओवादी केन्द्रले ०८१सालमा हुलाकी सडककेन्द्रित तथा ०८२ सालमा मध्य पहाडी लोकमार्ग केन्द्रित अभियान सञ्चालन गर्ने योजना रहेको उसका वक्तव्यहरु बाट बुझिन्छ । यी अभियानहरुको परिणाम त समय नै बताउने छ । तर आफूलाई दक्षिणपन्थी हुँदै गएको स्वीकारोक्ति र अब वामपक्षीय एजेन्डा प्रति इमान्दार हुने अभिव्यक्तिले माओवादी केन्द्रमा तलदेखि माथीसम्म कम्तीमा वामपक्षीय बहसको उठान गर्ने तथा पार्टीपंक्ति चुस्त दुरुस्त गर्ने मौका भने अवश्य दिनेछ ।

# नस्लवाद, जातिवाद र धर्मवादः वास्तविक मुक्तिका बाधक



रोशन देव

नस्लवाद, जातिवाद, र धर्मवादः यी तीनै विचारधाराहरू समाजमा व्याप्त अफिमझैँ हुन् । यी विचारधारा मानिसलाई यथार्थबाट टाढा राख्ने, सामाजिक चेतनालाई कुण्ठित गर्ने, र शक्तिशाली शासकहरूलाई आफ्नो प्रभुत्व जोगाइराख्न सहायता गर्ने साधन मात्र हुन् ।

कार्ल मार्क्सले धर्मलाई 'जनताको अफिम' भनेझैँ नस्लवाद, जातिवाद, र धर्मवाद पनि सामाजिक संरचनालाई गलत तरिकाले बलियो बनाउने नशालु तत्वहरू हुन्, जसले उत्पीडित वर्गलाई सत्ताधारीहरूको दास बनाइराख्छ ।

सबैभन्दा पहिले नस्लवादः यो एक त्यस्तो सोच हो, जसले कुनै एक जाति वा वर्णलाई अरूभन्दा उच्च र विशेष योग्यतासम्पन्न ठान्छ । इतिहासमा गोरा जातिले आफूलाई सर्वश्रेष्ठ मान्दै अफ्रिकीहरूलाई दास बनाएको, अमेरिकी स्वदेशीहरूलाई नरसंहार गरेको र उपनिवेशकालमा एसियाली तथा अफ्रिकी राष्ट्रहरूलाई गुलामीमा राखेको तथ्य स्पष्ट देख्न सकिन्छ । नस्लवाद केवल इतिहासमा सीमित छैन; आज पनि विकसित भनिने देशहरूमा अश्वेतहरू, आप्रवासीहरू र अन्य अल्पसंख्यकहरू विभेदको सिकार भइरहेका छन् ।

नस्लवाद एक नशा हो, जसले समाजमा कृत्रिम रूपमा एक उच्च वर्ग निर्माण गर्छ र बाँकीलाई शोषण गर्न मद्दत गर्छ । मानिसहरूलाई यथार्थ बुझ्न नदिई उनीहरूलाई आफैंभित्रका कृत्रिम पहिचानमा अल्झाइराख्ने काम गर्छ ।

त्यसैगरी जातिवादः यो पनि त्यस्तै खतरनाक अफिम हो । नेपाल, भारतजस्ता देशहरूमा जातीय संरचना यति गहिरोसँग गाडिएको छ कि, यसले समाजलाई टुक्राटुक्रा पारेर राखेको छ । नेपालको सन्दर्भमा जातीय विभाजनले समग्र समाजलाई जकडेर राखेको छ । उच्चजातिहरूले सदियौँदेखि सत्ता, सम्पत्ति र ज्ञानमा कब्जा जमाउँदै आएका छन्, जबकि तल्लो जातिका भनिनेहरूलाई शिक्षा, स्वास्थ्य, र रोजगारीमा समेत पछाडि पारिएको छ । जातिवाद केवल विभेद मात्र होइन, यो एक सुनियोजित विचारधारा हो, जसले शोषित वर्गलाई मानसिक रूपमा कमजोर बनाउँछ, तिनीहरूलाई जन्मजात रूपमा नै निम्छरो बनाइएको छ भन्ने भ्रममा राख्छ ।

जातिवादले शोषकहरूलाई नै लाभ पुऱ्याउँछ । किनकि, जब उत्पीडित वर्गले आफ्नो दयनीय अवस्था जातिसँग जोडेपछि उनीहरूले वर्गसंघर्ष गर्ने साहस गर्दैनन् । बरु तल्लो जातिका मानिसहरू उच्च जातिसामु

> मार्क्सवादी सिद्धान्तअनुसार जातिवाद वर्गसंघर्षलाई रोक्ने एउटा ठूलो अवरोध हो । जातीय पहिचानको भ्रममा पारेर शासक वर्गले मजदुर, किसान र सर्वसाधारणलाई एकताबद्ध हुनबाट रोक्छ, जसले अन्ततः शोषणकारी व्यवस्था टिकाइराख्न सहयोग गर्छ ।

आफूलाई सधैँ लाचार देख्न बाध्य हुन्छन् ।

मार्क्सवादी सिद्धान्तअनुसार जातिवाद वर्गसंघर्षलाई रोक्ने एउटा ठूलो अवरोध हो । जातीय पहिचानको भ्रममा पारेर शासक वर्गले मजदुर, किसान र सर्वसाधारणलाई एकताबद्ध हुनबाट रोक्छ, जसले अन्ततः शोषणकारी व्यवस्था टिकाइराख्न सहयोग गर्छ ।

धर्मवाद पनि त्यही किसिमको अफिम हो । धर्मले समाजलाई आध्यात्मिक रूपमा अन्धकारमा राख्ने, मानिसलाई कर्मकाण्डमा व्यस्त पार्ने र यथार्थ जीवनमा आउने समस्याहरूलाई भाग्य वा ईश्वरको इच्छा भनेर स्वीकार गर्न बाध्य बनाउने गर्छ । मार्क्सले भनेझैँ धर्मजन्य विश्वासहरूले उत्पीडित वर्गलाई राहत दिने भ्रम दिन्छ, तर वास्तवमा उनीहरूलाई परिवर्तनको आवश्यकता महसुस गर्न दिँदैन ।

उदाहरणका लागि भारतमा जातिवाद र धर्म एकअर्कासँग जोडिएर आएका छन् । ब्राह्मणवादी धर्मसंस्थाहरूले जातीय विभाजनलाई नै धर्मको रूपमा स्थापित गरे । नेपालमा पनि राणा शासनदेखि पञ्चायतसम्म हिन्दु धर्मलाई राज्यको धर्म बनाएर शासकहरूले आम जनतालाई अन्धविश्वासमा राख्ने प्रयास गरे ।

धर्मवादले शासकहरूलाई फाइदा पुऱ्याउँछ । किनभने जब जनताले आफ्नो दुःख-पीडा भगवानको इच्छा मान्छन्, उनीहरू विद्रोह गर्दैनन् । जब गरिबले आफ्नो गरिबीलाई कर्मको फल ठान्छ, उसले अन्यायको विरोध गर्दैन । जब महिला वा दलितहरूले आफ्नो दमनलाई नै धर्मसँग जोडेर बुझ्छन् तब तिनीहरू परिवर्तनको पक्षमा सोच्न सक्दैनन् । यही कारण धर्म शोषणको एउटा महत्त्वपूर्ण अस्त्र बनेको छ ।

नस्लवाद, जातिवाद, र धर्मवाद एउटै स्रोतका फरक-फरक रूपहरू मात्र हुन् । यी सबैले शोषक वर्गलाई आफ्नो सत्ता जोगाइराख्न मद्दत गर्छन्, जबकि उत्पीडित वर्गलाई झन् कमजोर बनाउँछन् । इतिहास हेर्ने हो भने जब-जब मानिसहरूले यी अफिमहरूबाट मुक्त हुन खोजे, तब-तब शोषक वर्गले उनीहरूमाथि दमन गऱ्यो । फ्रेन्च क्रान्ति, रुसी क्रान्ति, वा चिनियाँ क्रान्ति सबैले जातीय, धार्मिक, र नस्लीय विभाजनलाई अस्वीकार गर्दै श्रमिक तथा किसानहरूको एकतामा जोड दिएका थिए ।

नेपालकै परिप्रेक्ष्यमा, २०६२/६३ को जनआन्दोलन, त्यसअघि भएको माओवादी जनयुद्ध वा मधेश आन्दोलनहरू जातीय र वर्गीय समानताका लागि भएका संघर्षहरू हुन् । तर, नेपालमा अझै पनि जातिवाद र धर्मवाद संस्थागत रूपमा कायम छ । दलित समुदायहरू अझै पनि भेदभावको सिकार छन्, मधेसी समुदायहरू दोस्रो दर्जाका नागरिकझैँ व्यवहार गरिन्छन् र धर्मलाई अझै पनि शासकहरूले आफ्नो स्वार्थका लागि प्रयोग गर्छन् ।

यसकारण जबसम्म मानिसहरूले यी अफिमहरूबाट छुटकारा पाउँदैनन्, तबसम्म वास्तविक मुक्तिको सम्भावना छैन । समाजवादी तथा वैज्ञानिक चेतनाले मात्र मानिसहरूलाई यथार्थ बुझ्न मद्दत गर्न सक्छ । जात, नस्ल, वा धर्मको भ्रममा परेर होइन, वर्गीय सचेतनाका आधारमा मात्र समानता र न्यायको कुरा गर्न सकिन्छ । मार्क्सवादी दृष्टिकोणले भनेझैँ शोषणको जरै काट्नका लागि यी सबै भ्रमहरूको अन्त्य आवश्यक छ । जब मानिसहरूले यो बुझ्छन् कि, उनीहरूको असली पहिचान जात, नस्ल, वा धर्म होइन, बरु उनीहरूको वर्गीय स्थिति हो । तबमात्र उनीहरू साँचो अर्थमा मुक्त हुन सक्छन् ।रातोपाटी

# उच्चस्तरको दुग्ध प्रशोधन केन्द्र स्थापनामा सहयोग गर्न आग्रह




काठमाण्डु । कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले काठमाडौंमा उच्चस्तरको दुग्ध प्रशोधन केन्द्र स्थापनामा सहयोग गर्न जापान सरकारसँग आग्रह गर्नुभएको छ ।

नेपालका लागि जापानका राजदूत मायडा तोरुले सिंहदरबारस्थित मन्त्रालयमा मन्त्री अधिकारसँग गर्नुभएको घेटमा उहाँले नेपालले दुग्ध क्षेत्रको विकासमा धेरै प्रगति गरे पनि प्रशोधन केन्द्रको आवश्यकता रहेको भन्दै सहयोगका लागि आग्रह गर्नुभएको हो ।

मन्त्री अधिकारीले जापानले नेपालको कृषि क्षेत्रको विकासमा महत्वपूर्ण सहयोग गर्दै आएको उल्लेख गर्दै आगामी दिनमा कृषिको आधुनिकीकरणका लागि पनि थप सहयोगको अपेक्षा गरिएको बताउनुभयो । "जापानले प्रविधिको प्रयोगमार्फत गरेको उत्पादन वृद्धि र यसले समग्र कृषिको क्षेत्रमा पुऱ्याएको उपलब्धि महत्वपूर्ण छ, कृषि क्षेत्रमा जापानले गर्दै आएको प्रयोग नेपालले पनि सिक्न जरुरी रहेकाले प्राविधिक ज्ञानका लागि सहकार्य गर्न सकिन्छ, अहिले पनि जापानी स्वयम् सेवकहरुले मन्त्रालय मातहतका विभिन्न कार्यलयमार्फत सहयोग गरिरहेका छन्, यसमार्फत जापानमा प्रचलित कृषिको अभ्यास नेपालीले सिक्ने मौका प्राप्त भएको छ", मन्त्री अधिकारीले भन्नुभयो ।

नेपालले कृषिमा गानी दशक घोषणा गरी लगानी भित्र्याउने नीति लिएको उल्लेख गर्दै उहाँले जापानी लागानीकर्तालाई पनि नेपालमा लगानीका लागि सहजीकरण गरिदिन राजदूतसमक्ष आग्रह गर्नुभयो ।

आगामी वर्ष नेपाल जापान कूटनीतिक सम्बन्ध स्थापना भएको ७०औं वर्ष पुग्दैछ । उक्त अवसरमा जापानबाट प्राप्त भइरहेको निःस्वार्थ सहयोग अझ वृद्धि हुनेमा मन्त्री अधिकारीले विश्वास व्यक्त गर्नुभयो ।


भेटवार्तामा जापानी राजदूत तोरुले नेपालको कृषि क्षेत्रमा धेरै सम्भावना रहेकाले कृषि क्षेत्रमा हाल जारी सहयोगलाई निरन्तरता दिइने बताउनुभयो । आगामी दिनमा सहयोगका थप सम्भावनाको अध्ययन गर्ने प्रतिबद्धता पनि उहाँले व्यक्त गर्नुभयो ।

जापानले कृषि क्षेत्रको विकासमा उपकरणको प्रयोगलाई महत्व दिएको उल्लेख गर्दै नेपालले पनि कृषिमा आधुनिकीकरण गर्दै जानुपर्नेमा राजदूत तोरुले जोड दिनुभयो ।

नेपालको चिया र हर्बल उत्पादनको जापान राम्रो बजार हुनसक्ने भएकाले यसको निर्यातका लागि सहकार्य गर्न सकिने पनि राजदूत तोरुले उल्लेख गर्नुभएको थियो ।रासस

# प्रदेशको अधिकार कटौती गरेर संघीयता बलियो हुँदैन– सांसद खालिद

> हामीले संघीयता ल्याए पनि त्यसलाई बलियो बनाउनेतर्फ ध्यान दिएनौं । प्रदेश सरकारले आसन पाएको छ तर शासन पाएको छैन । आर्थिक बाँडफाँटको सवालमा पनि संघीयतालाई बलियो बनाउनेभन्दा पनि कमजोर बनाउने काम भएको छ ।



काठमाण्डु । राष्ट्रियसभाको सांसद भएको तीन वर्ष भयो । राष्ट्रियसभा निकै महत्वपूर्ण संस्था भए पनि यसको भूमिका साँघुरो बनाइएको छ । प्रतिनिधिसभाको तुलनामा राष्ट्रियसभाको भूमिका अलिक कम देखिन्छ । जसरी सरकार निर्माणमा प्रतिनिधिसभाको भूमिका हुन्छ, त्यसरी राष्ट्रियसभाको भूमिका हुँदैन । सरकारले ल्याएको नीति तथा कार्यक्रम र बजेटमा पनि प्रतिनिधिसभा नै हाबी हुने गरेको छ । राष्ट्रियसभाबाट बजेट पारित गर्नु भनेको एउटा प्रक्रिया मात्रै पूरा गरेको होजस्तो लाग्छ । यी विभिन्न कारणले गर्दा राष्ट्रियसभा ओझेलमा परिरहेको भान हुन्छ । तथापि, राष्ट्रियसभामा तीन वर्षसम्म रहँदा मुख्यगरी संविधानको मर्मअनुसार कानुन निर्माणमा सक्दो पहल गरेको छु । जनताका जल्दाबल्दा समस्यालाई संसद्मार्फत सरकारसम्म पुऱ्याउने काम गरेको छु । राष्ट्रियसभाले धेरै ऐनहरु विस्तृत रुपमा छलफल गरेर, आफ्ना अनुभव आदानप्रदान गर्दै पारित गरेको छ ।

संविधानको धारा, ३०४ मा 'संविधान निर्माणपछिको एक वर्षभित्र सबै पुराना कानुनको सट्टा नयाँ कानुन बनाइने छ,' भनिएको छ । तर त्यसको कार्यान्वयन हुन सकेको छैन । संविधान जारी भएको यो १० वर्षको अवधिलाई हेर्दा जति कानुन बन्नुपर्ने हो त्यति बन्न सकेका छैनन् । अझै पनि मौलिक हकअन्तर्गतका धेरै कानुन बनेका छैनन् । राजनीतिक अस्थिरताका कारण पनि संविधानअनुसार ठीक समयमा कानुन निर्माण हुन सकेको छैन । सरकार परिवर्तन भइरहने कारणले पनि कानुन निर्माणमा प्रभाव परेको छ । सङ्घीय निजामती सेवा ऐन र प्रहरी ऐन अहिलेसम्म ल्याउन सकिएको छैन । प्रमुख दलहरु नै ऐन बनाउने र ल्याउनेभन्दा पनि आ-आफ्नो राजनीतिक स्वार्थमा केन्द्रित भएको देखिन्छ ।

पछिल्लो समयमा संविधान संशोधनको विषय उठेको छ । ठिकै हो, संशोधन हुनुपर्छ । तर संविधान संशोधन कुन विषयमा केका लागि गर्ने हो त्यसबारे प्रस्ट हुनुपर्छ । हचुवाको भरमा संशोधन गर्नु हुँदैन । कुनै राजनीतिक दलको लहडका भरमा संशोधन हुनुहुँदैन ।

कुन विषयमा संशोधन गर्ने हो त्यो विषयलाई लिएर जनतासम्म पुग्नुपर्ने हो । जनताको रायसुझाव लिनुपर्ने हो । तर त्यसो गरेको पाइँदैन । सम्बन्धित क्षेत्रका विज्ञसँग छलफल गर्न जरुरी छ । सबै दलको सहमति हुन जरुरी छ । सत्तापक्ष र प्रतिपक्षबीच संशोधनको विषयमा पर्याप्त छलफल हुनुपर्छ । निर्वाचन प्रणाली, शासकीय स्वरुप फेर्ने वा के विषयमा संशोधन गर्ने हो त्यो बारे सरकार नै स्पष्ट हुनुपर्छ । संशोधन नै गर्ने हो भने सुशासनको पक्षमा संशोधन हुनुपर्छ । प्रत्यक्ष कार्यकारी राष्ट्रपतिको व्यवस्था अहिलेको आवश्यकता हो । जनतालाई प्रत्यक्ष रुपमा नेतृत्व चुन्ने अवसर हुन्छ ।

अहिलेको चुनाव प्रणाली अत्यन्त खर्चिलो पनि छ । त्यसले गर्दा भ्रष्टाचार पनि बढिरहेको छ । यो निर्वाचन प्रणाली परिवर्तन गर्नुपर्छ ।

सुशासनका निम्ति सबैभन्दा पहिला सरकारले भ्रष्टाचारीलाई कानुनी कारबाही गर्नुपर्छ । भ्रष्टाचारमा संलग्न जो कोही भए पनि तेरोमेरो नभनी कारबाही गर्नुपर्छ । कानुनको नजरमा सबै एउटै हो । सङ्घीयताको विषय कतिपय दललाई घाँडोजस्तै भएको छ, तर बोल्न मात्रै सकेका छैनन् । सङ्घीयतालाई सुदृढ गर्नका लागि प्रदेशलाई अधिकार दिइनुपर्छ । अधिकार जति सबै सङ्घीय सरकारले राख्ने तर प्रदेशलाई खुम्चाएर सङ्घीयता बलियो हुँदैन ।

राज्यस्रोतको बाडँफाँटका लागि सङ्घीयता उच्चतम व्यवस्था हो । तर यहाँ कार्यान्वयन राम्रोसँग हुन सकेको छैन । सङ्घीयताका राम्रा उदाहरण पनि छन् संसारमा । हामीले सङ्घीयता ल्याए पनि त्यसलाई बलियो बनाउनेतर्फ ध्यान दिएनौं । प्रदेश सरकारले आसन पाएको छ तर शासन पाएको छैन । आर्थिक बाँडफाँटको सवालमा पनि सङ्घीयतालाई बलियो बनाउनेभन्दा पनि कमजोर बनाउने काम भएको छ । २०७४ सालपछि विनियोजना गरिएको बजेटहरु हेर्दा प्रदेशलाई दिने बजेट कम हुँदै गएको छ । देशको आर्थिक बजेट बढिरहेको छ, तर प्रदेशको बजेट घटिरहेको छ ।

देश बनाउने हो भने नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेकपा (माओवादी केन्द्र) र मधेसवादी दलहरु एउटै थलोमा आउनुपर्छ । सुशासनका लागि राजनीतिक दलमा बलियो इच्छाशक्ति हुनुपर्छ । दलहरुले हाम्रो होइन, राम्रोलाई प्राथमिकता दिनुपर्छ । हामी कहाँ उर्वर जमिन छ । त्यसको उपभोग गर्न सकिरहेका छैनौं । सरकारले कृषिमा लगानी बढाउनुपर्छ । देशभित्र रहेका स्रोतसाधनको उचित प्रयोग गर्दै उत्पादनमा ध्यान दिन सकेको खण्डमा विदेश पलायन हुने युवाशक्ति रोक्न सकिन्छ । अर्को कुरा देशको शिक्षा प्रणालीलाई सुधार गरेको खण्डमा पनि युवा पलायन रोक्न सकिन्छ । दिन प्रतिदिन धेरै युवा पलायन हुने क्रम बढ्दै गएको छ । त्यसका बारेमा राजनीतिक दल, नेताहरु र नीति निर्माताहरुले ध्यान दिनुपर्छ ।

दलका नेताले आफ्नो गल्ती स्वीकार गर्दै देश निर्माणमा जुट्नुपर्छ । समृद्धिका निम्ति दलहरुले साझा विन्दु खोज्नुपर्छ । युवा पलायन रोक्नका लागि नयाँ कलकारखाना खोल्नुपर्छ सरकारले । बजार विस्तार गर्नुपर्छ ।

आयातलाई निरुत्साही र निर्यातलाई प्रोत्साहन गर्नुपर्छ । सबैभन्दा मुख्य कुरा कृषि र उद्यममा सरकारले ध्यान दिनुपर्छ ।

जनता समाजवादी पार्टी नेपालका केन्द्रीय सदस्य मोहम्मद खालिद राष्ट्रियसभाको सदस्य हुनुहुन्छ ।

नेपाली कांग्रेसबाट राजनीति सुरु गर्नुभएका खालिदले कांग्रेसको गाउँ, नगर, जिल्ला हुँदै केन्द्रीय सदस्यमा रहेर काम गर्नुभएको थियो । पछिल्लो समय उहाँ जनता समाजवादी पार्टीमा आबद्ध हुनुहुन्छ ।रासस

# सहकारीमा गलत गर्नेलाई कार्वाहीको दायरामा ल्याउँछौं : मन्त्री अधिकारी



काभ्रेपलाञ्चोक । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले सहकारी संस्थामा विधिविपरीत गलतक्रियाकलापगर्ने जोकोहीलाई कार्वाहीको दायरामा ल्याइने बताउनुभएको छ ।

उहाँले मंगलबार काभ्रेपलाञ्चोकको पनौतीस्थित ज्योति मिर्मिरे सामूहिक बचत तथा ऋण सहकारी संस्थाको रजत वर्ष एवं स्थापना दिवस कार्यक्रमलाई सम्बोधन गर्दै सहकारीबाट ऋण लिएर नतिर्नेले 'सबै सहकारी गलत हुन्' भनेर 'स्यालहुँइया' मच्चाइएको उल्लेख गर्दै गलत गर्नेलाई कानुनी दायरामा ल्याइने बताउनुभयो ।

"केही पक्षबाट सबै सहकारी गलत हुन्, ऋण तिर्नुपर्दैन भनेर भ्रम सिर्जना गर्न खोजिएको छ, सहकारीबाट लगेको ऋण तिर्नुपर्दैन भन्ने भ्रममा नपर्नुहोस्, हामी छानबिन गरेर ऋण नतिर्नेलाई जसको नाममा ऋण छ उसको र एकाघरको परिवारको सम्पूर्णको सम्पत्ति रोक्का गरेर असुलउपर गर्नेछौं र पासपोर्ट पनि रोक्का गरिने सूचनासमेत जारी गरिसकेका छौं", मन्त्री अधिकारीले भन्नुभयो ।

उहाँले विधिविपरीत गलत क्रियाकलाप गर्ने सहकारी सञ्चालकसमेतको सम्पत्ति जफत गरेरै भए पनि पीडितको बचत रकम फिर्ता गर्ने दाबी गर्नुभयो । उहाँले भन्नुभयो, "केही महिनामै ६ हजार ६०० भन्दा बढी बचतकर्ताको रकम फिर्ता गराइसकेका छौं, अब छिट्टै केही बचतकर्ताको रकम फिर्ता गर्ने चरणमा छौं ।"

मन्त्री अधिकारीले समस्याग्रस्त सहकारी समाधान समिति तथा मन्त्रालयको विभागले सहकारीको समस्या समाधानार्थ काम गरिरहेको बताउनुभयो । "सहकारीसम्बन्धी सरोकारवालासँग छलफल गरेर सहकारीसम्बन्धी अध्यादेश ल्याइएको छ, सहकारी नियमन प्राधिकरणलाई सरकारले अध्यादेशमार्फत अघि बढाएको, सूचना केन्द्र परिचालनको व्यवस्था, कोष खडा गर्ने व्यवस्था गर्दै न्यायाधिकरणलाई समेत अघि बढाउन थालिएको छ", उहाँले भन्नुभयो । उहाँले केही नमिलेका विषयलाई प्रतिस्थापन विधेयकले सम्बोधन गर्नेसमेत उहाँले बताउनुभयो ।

मन्त्री अधिकारीले मुलुकभरका ३१ हजार ४०० सहकारीमा केहीले गलत गरे पनि सबै खराब हो भन्ने भ्रम फैलाइएको दोहोऱ्याउनुभयो । उहाँले भन्नुभयो, "अन्तरराष्ट्रिय, राष्ट्रिय, प्रदेश र स्थानीयस्तरमा उत्कृष्ट र पुरस्कृत भएका सहकारी पनि छन्, सबैलाई एउटै नजरले हेर्नुहुन्न ।"

मन्त्री अधिकारीले फरक प्रसङ्गमा यसअघिका अस्थिर सरकारले नागरिकको सपना पुरा नगर्ने भएकाले स्थिरताका लागि दुई ठूला पार्टी कांग्रेस र एमालेले संयुक्त सरकार बनाएको बताउनुभयो । "यसपटक भूमि आयोगमार्फत जनतालाई भूमिको अधिकार उपलब्ध गराएरै छाड्ने छौं, पटकपटक आयोग बन्छ, काम गर्दैन भन्ने नैराश्यता चिर्नेगरी सरकारले काम अघि बढाउनेछ", उहाँले भन्नुभयो । उहाँले निर्वाचनमा जाँदा सबै राजनीतिक दलले पुर्जा दिलाउँछौं, बासको 'ग्यारेन्टी' गर्छौं भनेर जनतासामु गरिएको प्रतिबद्धता स्मरण गर्न आग्रह गर्नुभयो । उहाँले मालपोत ऐन, नापी ऐन नयाँ ल्याउन लागेको बताउनुभयो ।रासस

# खानेपानीमन्त्री यादव र भारतीय जलशक्तिमन्त्री पाटिलद्वारा समझदारीपत्रमा हस्ताक्षर



काठमाण्डु । खानेपानीमन्त्री प्रदीप यादव तथा भारत सरकारका जलशक्तिमन्त्री सिआर पाटिलले मंगलबार खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रको विकाससम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको छ ।

भारतको राजधानी नयाँदिल्लीमा आयोजित एक विशेष कार्यक्रमबीच खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको विकाससम्बन्धी महत्वपूर्ण समझदारीपत्रमा नेपाल सरकारका तर्फबाट मन्त्री यादव तथा भारत सरकारका तर्फबाट जलशक्तिमन्त्री सिआर पाटिलले उक्त सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक ई रामकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "भारत र नेपाल सरकारबीच खानेपानी, सरसफाइ र फोहोर व्यवस्थापन क्षेत्रमा सहयोग विस्तार गर्न सम्झौतापत्रमा हस्ताक्षर भएको छ । खानेपानीको स्रोतको विकास, स्वच्छ पानीको पहुँच, सरसफाइ प्रवर्द्धन, फोहोर व्यवस्थापन र नेपाल सरकारको प्रयासलाई सशक्त बनाउने सम्झौतापत्रको लक्ष्य छ ।"

भारत र नेपाल दुवै देशहरूबीच मैत्रीपूर्ण सहकार्यलाई प्रवर्द्धन गर्ने र स्वच्छता क्षेत्रमा अन्तर-सरकारी सहकार्यलाई सुदृढ, जल सुरक्षासम्बन्धी नेपाल सरकारका प्रयास तथा चिन्ताहरूलाई स्वीकार गर्दै, नेपालमा सुरक्षित खानेपानीको पहुँच सुनिश्चित गर्ने र सुरक्षित वातावरणमा जनताको जीविकोपार्जनलाई सक्षम तुल्याउने उद्देश्य लिइएको छ । रासस

# 'गठबन्धन सरकारलाई एकताबद्ध भई अगाडि बढाउन आवश्यक'



भैरहवा । नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले नेपाली कांग्रेस र नेकपा (एमाले) गठबन्धनको वर्तमान सरकार एकताबद्ध भई अगाडि बढिरहेको बताउनुभएको छ ।

पार्टीको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको आयोजनामा मंगलबारदेखि भैरहवामा सुरु भएको प्रतिनिधिसभा क्षेत्रीय सभापति तथा क्षेत्रीय प्रशिक्षण शाखा प्रमुखहरुको प्रशिक्षण तथा अभिमुखीकरणमा उहाँले दुई ठूला पार्टी मिलेर सरकार गठन भइसकेपछि मुलुकमा आशा सञ्चार भएको बताउनुभयो ।

प्रधानमन्त्री केपी शर्मा ओली र आफूबीच सरकार सञ्चालन विषयमा सम्झौता भए पनि दुई तिहाइको सरकार बने पनि पूर्णरुपमा बहुमत नपुगेको उहाँको भनाइ थियो । उहाँले गठबन्धनको सरकारलाई सबैले एकताबद्ध रुपमा सहयोग गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले सरकारमा अन्य पार्टीहरु पनि समावेश रहेको उल्लेख गर्दै प्रजातन्त्रमा प्रतिस्पर्धी पार्टी पनि आवश्यक रहेको बताउनुभयो ।

उहाँले नेपाली कांग्रेसमा विभिन्न किसिमका मतभेद हुन सक्ने भए पनि ती कुराहरुलाई आपसी छलफलबाट समाधान गर्न सकिनेमा जोड दिनुभयो । नेपाली कांग्रेस देशको ठूलो पार्टी भए पनि बहुमत प्राप्त पार्टी नभएकाले प्रशिक्षणबाट पार्टीलाई बहुमतप्राप्त पार्टी बनाउन सहयोग पुग्नेमा उहाँले विश्वास व्यक्त गर्नुभयो ।

नेपाली कांग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको आयोजनामा सुरु भएको प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रममा देशैभरिका प्रतिनिधिसभाअन्तर्गतका एक सय ३० जना सहभागी छन् । साथै सोही स८्यामा क्षेत्रीय सभापति, क्षेत्रीय प्रशिक्षण शाखा प्रमुखहरु तथा एउटा मात्र निर्वाचन क्षेत्र रहेका ३५ जिल्लाबाट प्रदेशसभाअन्तर्गतका क्षेत्रीय सभापति ७० जना गरी जम्मा तीन सय ३० जनाको सहभागिता रहेको नेपाली कांग्रेसका उपसभापति तथा केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका संयोजक पूर्णबहादुर खड्काले जानकारी दिनुभयो ।रासस


## प्रभु बैंक लिमिटेड शाखा कार्यालय जलेश्वर, महोत्तरी, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई ऋण कर्जा चुक्ता गर्ने आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८१/११/२० गते मंगलबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिका)**

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.)का तपसिलमा उल्लेखित ऋणीहरुले लिएको कर्जाको व्याज एवं किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भई यस बैंकबाट पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी तहाँ ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा चुक्ता भुक्तानी हुने मितिसम्मको बैंकलाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधिभित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट नगर्नु भएको खण्डमा तपाईं ऋणी, जमानतकर्ता लगायतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सकिने, कर्जाको सुरक्षण वापत धितो रहेको सम्पत्ति तथा तहाँको अन्य कुनै वा सबै सम्पत्ति लगायत जमानतकर्ता समेतको सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्थाबाट असूल उपर गरिने र उपर्युक्तानुसारका सम्पत्तिबाट बैंकको कर्जा चुक्ता नभएको खण्डमा तहाँ ऋणी तथा जमानतकर्ताबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरा जानकारी गराउँदछौं । बैंकको उल्लेखित काम कारवाहीबाट तहाँ ऋणी लगायत जमानतकर्ताको व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा उपर पर्न सक्ने असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण कर्जा चुक्ता फछ्र्यौट गर्नु हुने अपेक्षा गरिएको छ ।

**तपसिल**

**ऋणी तथा जमानतकर्ताको विवरण** :

**ऋणी :** नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा सान उद्योग कार्यालय, महोत्तरीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ अन्तर्गत मिति २०६९/०९/०६ मा प्रा.फ.र.नं. १९१९/११-०६९/७० मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरीक राजश्व विभाग, आन्तरीक राजश्व कार्यालय, जनकपुर धनुषाबाट मिति २०६९/०९/१७ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६००८१७९०३ को प्रमाणपत्र प्राप्त **विनय ज्वेलर्स** । **फर्मको ठेगाना** : महोत्तरी जिल्ला जलेश्वर न.पा. वडा नं. ४ ।

| **प्रोप्राईटर तथा जमानतकर्ता : बिनय कुमार साह** | **जमानतकर्ता :** रिना साह | **जमानतकर्ता : राम कुमारी देवी** |
|---|---|---|
| (ना.प्र.नं. ६४३०३५२४, जारी मिति २०५९/१२/१८ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) । | (ना.प्र.नं. १८-०१-७०-०८८९६ जारी मिति २०७०/११/१४ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) । | (ना.प्र.नं. ६४३०००६ जारी मिति २०४३/०३/२३ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) । |
| ठेगाना : महोत्तरी जिल्ला जलेश्वर न.पा. वडा नं. ६, (साविक नैन्ही गा.वि.स. वडा नं. १) । | **ठेगाना** : महोत्तरी जिल्ला जलेश्वर न.पा. वडा नं. ६, (साविक नैन्ही गा.वि.स. वडा नं.१) । | ठेगाना : महोत्तरी जिल्ला जलेश्वर न.पा. वडा नं. ६, (साविक नैन्ही गा.वि.स. वडा नं. १) । |
| बाबु : राम विलास साह । | बाबु :राज कुमार महतो । | बाबु : लक्ष्मी महेतरी । |
| बाजे : राम विलास साह । | पति : बिनय कुमार साह । | पति : राम विलास साह । |
| | ससुरा : राम विलास साह । | ससुरा : रामप्रसाद साह । |

**धितो सुरक्षणको विवरण :**

१. बिनय कुमार साहको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायाम रहेको महोत्तरी जिल्ला जलेश्वर न.पा. वडा नं. ४ नक्सा सिट नं. ४ कित्ता नं. ३१२ र २५३ क्षेत्रफल ०-०-५-० र ०-०-१०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ...............१

२. राम कुमारी देवीको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायाम रहेको महोत्तरी जिल्ला नैन्ही गा.वि.स. वडा नं. १ नक्सा सिट नं. १ स्थित कित्ता नं. ४०६ क्षेत्रफल ०-२-१५-० (बिघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत.....१

३. ऋणी विनय ज्वेलर्सको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण...१

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

# युक्रेनलाई ‘पूर्ण साथ दिने’ ब्रिटिश प्रधानमन्त्रीको बाचा



बीबीसी

काठमाण्डु ।ब्रिटिश प्रधानमन्त्री सर किअर स्टार्मरले भोलोदिमिर जेलेन्स्कीलाई डाउनिङ स्ट्रीटमा भेट्दै उनीप्रति “संयुक्त अधिराज्यभर पूरा साथ“ रहेको बताएका छन्।युक्रेनी राष्ट्रपति जेलेन्स्कीले प्रधानमन्त्री स्टार्मरलाई आफ्नो देशका “त्यस्ता मित्रहरू“ हुनुले खुसी बनाएको बताए।ह्वाइटहाउसमा अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पसँग भएको भेटमा चर्काचर्की भएको पृष्ठभूमिमा जेलेन्स्की लण्डन आइपुगेका हुन्।

जेलेन्स्की र स्टार्मरबीच युक्रेनी सैन्य सामग्रीका लागि २.२६ अर्ब पाउन्ड स्टर्लिङको ऋण सहमतिमा हस्ताक्षर समेत भएको छ। उक्त रकमको भुक्तानी रोक्का गरिएका रुसी सम्पत्तिको नाफाबाट गरिनेछ। शनिवार भएको उक्त बैठकपछि प्रधानमन्त्री स्टार्मरले ट्रम्प र फ्रान्सका राष्ट्रपति एमानुअल माक्रोँसँग कुराकानी गरेका छन्। माक्रोँले युक्रेनबाट पछि हट्नु आफ्नो स्वार्थ अनुकूल नहुने कुरा अमेरिकाले बुझ्नुपर्ने बताएका छन्।

### युरोपेली नेताहरू लण्डनमा जुट्दै

आइतवार लण्डनमा युरोपेली नेताहरू रुस-युक्रेन युद्ध अन्त्य गर्ने र साझा युरोपेली प्रतिरक्षाको प्रयासमा आयोजित एक शिखर सम्मेलनका लागि जुट्दैछन्।

जेलेन्स्कीले राजा चार्ल्स तृतीयलाई समेत भेट्दैछन्।ती बैठकहरू वासिङ्टनमा विकसित घटनाक्रम र अमेरिकासँगको सम्बन्धलाई लिएर उत्पन्न चिन्ताका छायामा परेका छन्।पछिल्ला सातामा प्रधानमन्त्री स्टार्मर अमेरिका र युरोपबीचको सेतुको रूपमा उभिन खोजेका देखिन्छन्।ट्रम्प प्रशासन युरोपेली प्रतिरक्षामा कम संलग्न हुन खोजिरहेका समयमा ब्रिटिश प्रधानमन्त्री स्टार्मरले जेलेन्स्कीभन्दा एक दिनअघि ट्रम्पसँग सौहार्दपूर्ण वार्ता गरेका थिए।

उक्त भेटका बेला स्टार्मरले ट्रम्पलाई प्रत्यक्ष रूपमा राजा चार्ल्स तृतीयले पठाएको राजकीय भ्रमणको निमन्त्रणा पत्र हस्तान्तरण गरेका थिए। ओभल अफिसमा जेलेन्स्कीसँग परेको चर्काचर्कीपछि उक्त निमन्त्रणा फिर्ता लिन स्कर्टिस न्याश्नल पार्टी (एसएनपी)का सांसदहरूले स्टार्मरलाई आह्वान गरेका छन्। युक्रेन पक्षको पैरवी गर्ने प्रयासमा स्टार्मरले जुनसुकै शान्ति सम्झौताका लागि किएभले सुरक्षा सुनिश्चितता खोज्ने बताएका छन्। उनले दुई देशका राष्ट्रपतिबीच चर्काचर्कीपूर्ण संवाद भएपछिको शुक्रवार साँझ उनले ट्रम्प र जेलेन्स्की दुवैसँग टेलिफोन संवाद गरेका थिए। जेलेन्स्कीको ट्रम्पसँग सार्वजनिक रूपमा चर्काचर्की भएको पृष्ठभूमिमा शनिवारको भेट प्रधानमन्त्री स्टार्मरका लागि जेलेन्स्कीप्रति आफ्नो निरन्तरको साथ दर्साउने अवसर बन्यो।

प्रधानमन्त्री कार्यालयबाहिर व्यक्त नाराबाजीलाई सङ्केत गर्दै स्टार्मरले युक्रेनी नेतालाई भनेः “यी तपाईँप्रतिको साथ कति छ, युक्रेनप्रतिको साथ कति छ भनेर दर्साउन बाहिर निस्किएका संयुक्त अधिराज्यका मानिस हुन्।“उनले थपेः “जति समय लागे पनि हामी तपाईँ र युक्रेनका साथ छौँ।“जेलेन्स्कीको जबाफ थियोः “मैले धेरै मानिसहरू देखेँ। तपाईँलाई र संयुक्त अधिराज्यका मानिसहरूलाई यस युद्धको निकै सुरुदेखिको यस्तो ठूलो साथका लागि धन्यवाद दिन चाहन्छु।“

उनले आइतवार राजासँग हुने भेटका लागि आफू हर्षित रहेको भन्दै युरोपेली शिखर सम्मेलनका लागि समेत धन्यवाद दिए। बुझिए अनुसार राजाबीचको बैठकका लागि युक्रेनी राष्ट्रपतिले आग्रह गरेका थिए जसलाई यूके सरकारले सहमति जनाएको थियो।यूकेले दिने सहमति जनाएको ऋणको लागि धन्यवाद दिँदै जेलेन्स्कीले त्यो युक्रेनमा अस्त्र उत्पादनमा प्रयोग हुने बताए। “यो वास्तविक न्याय हो - जसले युद्ध सुरु गऱ्यो उसैले त्यो बेहोर्नुपर्छ,“ जेलेन्स्कीले भने।उक्त ऋण सबैभन्दा पहिले अक्टोबरमा घोषणा गरिएको थियो।

युक्रेनमा शान्ति, सुरक्षाका लागि यूकेका प्रधानमन्त्रीद्वारा चारबुँदे प्रस्ताव

यूकेका प्रधानमन्त्री सर किअर स्टार्मरले युक्रेन युद्ध अन्त्य गर्न र उक्त युद्धग्रस्त देशलाई रुसी अतिक्रमणबाट जोगाउने भन्दै चारबुँदे योजना घोषणा गरेका छन्। उनले यूके, फ्रान्स र अन्य देशहरू पनि “इच्छुकहरूको गठबन्धन“मा सहभागी हुने र युक्रेनको समर्थनमा अमेरिकालाई समेत सहभागी गराउन प्रयास गरिने बताएका छन्।

“हामी आज इतिहासको दोबाटोमा छौँ,“ युरोपका १८ देशका नेताहरू सहभागी सम्मेलनपछि स्टार्मरले भने। उक्त सम्मेलनमा युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्की पनि सहभागी भएका थिए। सम्मेलनपछि युक्रेनले “बलियो साथ“ पाएको महसुस गरेको र “लामो समयदेखि नदेखिएको उच्च स्तरको युरोपेली एकता“ देखिएको जेलेन्स्कीले बताए। ह्वाइट हाउसमा युक्रेनी राष्ट्रपति र अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पबीच चर्काचर्की भएको दुई दिनपछि लन्डनमा यो सम्मेलन आयोजना भएको थियो।

“साँच्चिकैको शान्ति र सुरक्षाको सुनिश्चितताका लागि युरोपमा हामी सबै मिलेर अमेरिकासँग पनि सहकार्यको आधार तयार गर्न काम गरिरहेका छौँ,“ सम्मेलनपछि जेलेन्स्कीले भने।

### चारबुँदे सहमतिमा के छ

सम्मेलनपछि पत्रकार सम्मेलनमा यूकेका प्रधानमन्त्री स्टार्मरले चारबुँदे सहमति भएको बताएका छन्।

युक्रेनमा सैन्य सहायताको आपूर्ति जारी राख्ने र रुसमाथि आर्थिक दबाव कायमै राख्ने

दिगो शान्ति कायम गर्दा युक्रेनको सार्वभौमसत्ता तथा सुरक्षा सुनिश्चित गर्ने र युक्रेनलाई सबै शान्ति वार्तामा उपस्थित गराउने

शान्ति सम्झौता भएको अवस्थामा भविष्यमा युक्रेनमाथि हुनसक्ने कुनै पनि आक्रमणलाई रोक्न उसको रक्षा क्षमता बढाउने

युक्रेनबारे सम्झौताको पक्ष लिन र त्यसपछि शान्तिको सुनिश्चितता गर्न “इच्छुकहरूको गठबन्धन“ विकास गर्ने

स्टार्मरले थप १.६ अर्ब पाउन्ड सहयोगको घोषणा पनि गरेका छन्। यूकेको निर्यातबाट आर्जित रकमबाट दिइने उक्त सहयोग युक्रेनले हवाई प्रतिरक्षा क्षेप्यास्त्र खरिदमा खर्च गर्ने छायो सहयोग यसअघि घोषणा गरिएको २.२६ अर्ब पाउन्ड स्टर्लिङको ऋण सहमतिभन्दा फरक हो। यसअघि स्टार्मरले रोक्का गरिएका रुसी सम्पत्तिको नाफाबाट युक्रेनी सैन्य सामग्रीका उक्त ऋण दिने घोषणा गरेका थिए।

“हामीले विगतका गल्तीहरूबाट सिक्नुपर्छ। हामी सहजै भङ्ग हुनसक्ने कमजोर सम्झौता स्वीकार गर्दैनौँ। कुनै पनि सम्झौता बलियो समर्थन आवश्यक छ,“ उनले भने। यूकेका प्रधानमन्त्रीले युक्रेनलाई सहयोग गर्न इच्छुक देशहरूको गठबन्धनमा सहभागी हुन सहमति जनाएका देशहरूबारे खुलाएका छैनन्।उनले यसमा प्रतिबद्धता जनाएका देशहरूले वास्तविक तत्कालीन आवश्यकताका आधारमा योजनालाई तीव्र बनाउने बताए।उनले यूकेले “जमिनमा बुटहरू र आकाशमा विमानहरू“ सहित आफ्नो प्रतिबद्धता दर्शाउने बताएका छन्।

“युरोपले बोझ उठाउनुपर्छ,“ उनले भने। उनका अनुसार यो सहमतिमा अमेरिकी समर्थन आवश्यक पर्छ र रुसलाई पनि यसमा सहभागी गराइने छ। तर मस्कोले यसका सर्तहरू हेरफेर गर्न पाउँदैन।

“मलाई प्रस्ट पार्न दिनुहोस्। स्थायी शान्तिको तत्कालीन आवश्यकतामा हामी ट्रम्पसँग सहमत छौँ। अब हामी सँगसँगै मिलेर त्यो स्थापित गर्नुपर्छ,“ स्टार्मरले भने। ट्रम्पको नेतृत्वमा अमेरिका विश्वासयोग्य सहयोगी देश भए नभएकोबारे सोधिएको प्रश्नमा उनले भने, “गत शुक्रवार जे भयो त्यो कसैले देख्न चाहेको थिएन। अमेरिका अविश्वसनीय सहयोगी भएको मलाई लाग्दैन।“

सम्मेलनमा फ्रान्स, पोल्यान्ड, स्वीडन, टर्की, नर्वे, चेक रिपब्लिक, डेनमार्क, जर्मनी, द नेदरल्यान्ड्स, रुमेनिआ, फिनल्यान्ड, इटली, स्पेन र क्यानडा सहभागी थिए।युरोपेली आयोगकी प्रमुख उर्जुला फोन डेर लायनले “युरोपलाई पुनः अस्त्रयुक्त“ बनाउनु अत्यावश्यक भएको बताइन्।नेटो महासचिव मार्क रुटको पनि यस्तै भावनाको टिप्पणी छ। उनले युरोपेली देशहरू “लडाइँ जारी रहँदासम्म लड्न चाहिने कुराहरूको लागि“ युरोपेली देशहरू “अघि सरेको“ बैठकमा देखिएको बताए।

जेलेन्स्की खनिज सम्झौताको पक्षमै

सम्मेलनपछि जेलेन्स्कीले ब्रिटेनका राजा चार्ल्स तृतीयसँग भेट गरेका थिए। त्यसपछि भएको अन्तिम पत्रकार सम्मेलनमा जेलेन्स्कीले अमेरिकासँग खनिजसम्बन्धी सम्झौता गर्न आफू तयार रहेको बताए।

अमेरिकालाई युक्रेनमा रहेका खनिज भण्डारणमा पहुँच दिने सम्झौता जेलेन्स्कीको अमेरिका भ्रमणका क्रममा हुने अपेक्षा गरिएको थियो। तर ओभल अफिसमा ट्रम्पसँग चर्काचर्की परेपछि युक्रेनी प्रतिनिधिमण्डल हस्ताक्षरका लागि निर्धारित कार्यक्रम अघि नै त्यहाँबाट फर्किएको थियो।

आइतवार अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले रुससँग “शान्ति सम्झौता नभएसम्म“ अमेरिका र युक्रेनबीच खनिजसम्बन्धी सम्झौता नहुने चेतावनी दिएका छन्।सम्मेलनपछि सम्झौता के हुन्छ भन्ने बीबीसीको प्रश्नमा जेलेन्स्कीले उक्त सम्झौता हस्ताक्षरका लागि तयार रहेको प्रतिक्रिया दिए।“टेबुलमा रहेको सम्झौता यसका पक्षहरू तयार रहेको अवस्थामा जुनसुकै बेला हस्ताक्षर हुनसक्छ,“ उनले भने।

आइतवारको सम्मेलनसँगै कूटनीतिक क्षेत्रमा निकै व्यस्त साता समापन भएको छ। उक्त साता फ्रान्सका राष्ट्रपति एमानुएल माक्रोँ, यूकेका प्रधानमन्त्री सर किअर स्टार्मर र युक्रेनी राष्ट्रपति जेलेन्स्की वाशिङ्गटन भ्रमणमा पुगेका थिए। युक्रेनी राष्ट्रपति जेलेन्स्की र उनका अमेरिकी समकक्षी डोनल्ड ट्रम्प तथा उपराष्ट्रपति जेडी भान्सबीच ह्वाइट हाउसमा भनाभन भएको थियो। ट्रम्पले जेलेन्स्कीलाई “तृतीय विश्वयुद्ध निम्त्याउन चाहेको“ आरोप लगाएपछि जेलेन्स्की चिढिएका थिए।

ट्रम्पले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनप्रति आफ्नो विश्वास देखाउँदै युक्रेनमा जारी युद्ध अन्त्य गर्न चाहेको बताएका छन्। तर उनको कुराले कैयौँ पश्चिमा सहयोगी देशहरूमा आशङ्का पैदा भएको छ।

अमेरिकाले युक्रेनलाई सहभागी नगराई रुससँग शान्ति वार्ता आरम्भ गरेको छ। अमेरिकी नेताले एक बिन्दुमा युक्रेनमाथि युद्ध सुरु गरेको आरोप लगाएका थिए। यद्यपि सन् २०२२ को फेब्रुअरी २४ मा रुसले पूर्ण स्तरको आक्रमण गरेपछि युक्रेन युद्ध सुरु भएको थियो।

> आइतवार अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले रुससँग “शान्ति सम्झौता नभएसम्म” अमेरिका र युक्रेनबीच खनिजसम्बन्धी सम्झौता नहुने चेतावनी दिएका छन्। सम्मेलनपछि सम्झौता के हुन्छ भन्ने बीबीसीको प्रश्नमा जेलेन्स्कीले उक्त सम्झौता हस्ताक्षरका लागि तयार रहेको प्रतिक्रिया दिए।

## विराट गोल्डकप सुरु हुँदै :

# उद्घाटन खेलमा आयोजक र कोलकाता




सुन्दरहरैँचा । मोरङ विराटनगरको सहिद रङ्गशालामा मंगलबारदेखि २८ गते सम्म नवौँ संस्करणको विराट गोल्डकप हुने भएको छ।

‘विराटनगरको साथ फुटबलको विकास’ भन्ने नाराका साथ आयोजित प्रतियोगितामा भाग लिने १० वटा फुटबल टोली छनोट भइसकेका छन्। भारतबाट दुईवटा टोली तथा नेपालबाट विभागीय टोलीहरूसहित आठ टोलीको सहभागिता रहने विराट गोल्डकप फुटबल प्रतियोगिता आयोजक समिति संयोजक नवीन रिजालले जानकारी दिनुभयो। मंगलबार उद्घाटन खेल आयोजक रिजालको मोरङ एफसी तथा साउथर्न समिति फुटबल क्बल कोलकाताबीच भएको छ।

गोल्डकप सम्पन्न गर्न रु एक करोड ३५ लाख अनुमानित खर्च हुने आयोजकले जनाएको छ। मोफसलको सर्वाधिक पुरस्कार राशि रहेको प्रतियोगिताको विजेता टोलीले रु ११ लाख तथा उपविजेताले रु पाँच लाख नगद पुरस्कार प्राप्त गर्ने संयोजक रिजालले उल्लेख गर्नुभयो। उहाँले उत्कृष्ट प्रशिक्षकलाई १५ हजार, उत्कृष्ट गोलरक्षकलाई १५ हजार, सर्वाधिक गोलकर्तालाई १५ हजार, दैनिक हुने खेलको उत्कृष्ट खेलाडीलाई ११ हजार र सर्वोकृष्ट खेलाडीलाई ५१ हजार पुरस्कार प्राप्त जानकारी दिनुभयो।

गोल्डकपका लागि साबिक विजेता मच्छिन्द्र फुटबल क्लब, ‘ए डिभिजन लिग’ विजेता चर्च ब्वाइज युनाइटड, न्युरोड टिम एनआरटी, पूर्वविजेता थ्रीस्टार क्लब, नेपाल पुलिस क्बल, सशस्त्र प्रहरी बलको टोली एपिएफ एफसी, दुईपटकको उपविजेता त्रिभुवन आर्मी क्लब र घरेलु टोली रिजालको मोरङ डिएफए रहेका छन्। त्यसैगरी, भारतको कोलकातास्थित सामार्थ समिति र दिल्लीस्थित सुदेभा दिल्ली एफसी छन्।

पूर्वमा नेपाली फुटबलको सानका रूपमा रहेको विराट गोल्डकप प्रतियोगितामा सहभागी हुन दर्शकका लागि टिकट खरिद खुल्ला गरिएको विराट गोल्डकप ट्रष्टका अध्यक्ष किशोर शाहीले जानकारी दिनुभयो। उहाँले महेन्द्र गोल्डकपको इतिहास २०१८ सालदेखि भएकाले यसलाई संरक्षण गर्ने काम भइरहेको उल्लेख गर्नुभयो।

तत्कालीन राजा महेन्द्रका नामबाट २०१८ सालमा महेन्द्र गोल्डकपबाट सुरु गरिएको प्रतियोगिता पछिल्लो संस्करणका रूपमा २०५७ सालदेखि विराट गोल्डकपका रूपमा खेलाइँदै आएको हो। पञ्चायतकालमा २७ पटक र बहुदल आएपछि विराट गोल्डकपका नामबाट नवौँ प्रतियोगिता हुन लागेको हो। यस प्रतियोगिताको संरक्षक र प्राविधिक सहयोगमा कोशी प्रदेश सरकार, प्रदेश खेलकुद विकास बोर्ड, विराटनगर महानगरपालिका, राष्ट्रिय खेलकुद परिषद् र अखिल नेपाल फुटबल सङ्घ र मोरङ उद्योग व्यापार सङ्घ रहेको छ।

दैनिक प्रतियोगिता हुनुभन्दा अगाडिदेखि राष्ट्रियस्तरका कलाकारबाट सांस्कृतिक कार्यक्रम गरिने आयोजकले जनाएको छ। यसअघि आठौँ संस्करणमा घरेलु टोली साङ्ग्रिला मोरङ एघारलाई पराजित गर्दै मच्छिन्द्रले उपाधि चुमेको थियो।रासस

# म्यानमाका जुन्ता प्रमुखले प्रमुख सहयोगी पुटिनसँग भेटवार्ता गर्नें

एएफपी

याङ्गुन। म्यानमाका जुन्ता प्रमुख सोमबार रुसमा राष्ट्रपति भ्लादिमिर पुटिनसँग वार्ताका लागि प्रस्थान गर्नुभएको छ। रुस सैन्य शासनको हिंसात्मक विरोधलाई रोक्न सङ्घर्ष गरिरहेको एकान्त राज्यका लागि प्रमुख सहयोगी र हतियार आपूर्तिकर्ता हो।

सन् २०२१ को विद्रोहमा सत्ता कब्जा गर्ने मिन आङ ह्लाइङले उच्च पदस्थ अधिकारीहरूको टोलीसहित राजधानी नेपिडोबाट प्रस्थान गर्नुभएको र मङ्गलबार पुटिनलाई भेट्ने कार्यक्रम रहेको जुन्ताको सूचना सेवाले जनाएको छ।विश्लेषकहरूका अनुसार जुन्ता सरकारले धेरै मोर्चामा जातीय अल्पसङ्ख्यक सशस्त्र समूहहरू र प्रजातन्त्र समर्थक गुरिल्लाहरूसँग लडिरहेकाले मस्कोको समर्थन विशेष गरी वायु सेनाका लागि सैन्य प्रशासनका लागि अत्यावश्यक बनेको छ।

सन् २०२३ को विद्रोही आक्रमणपछि जुन्ताले महत्त्वपूर्ण क्षेत्रीय नोक्सानी भोगेको थियो तर यसको हवाई शक्तिले विपक्षी बलहरूको अग्रगमनलाई रोक्न महत्त्वपूर्ण भूमिका खेलेको छ।“रुसले उनीहरूको वायु फ्लिटलाई चलायमान राख्न मद्दत गर्दै अमूल्य भूमिका निभाएको छ”, अन्तर्राष्ट्रिय रणनीतिक अध्ययन संस्थान थिङ्क ट्याङ्कका अनुसन्धान फेलो मोर्गन माइकल्सले भन्नुभयो, “हामीलाई रूसी प्राविधिकहरूले म्यानमाको वायु सेनालाई अपरेसनको गति कायम राख्न मद्दत गरेको शङ्का छ।

रुसको सरकारी मिडियाका अनुसार दुई वर्षभन्दा बढी समयपछि पुटिन र मिन आङ ह्लाइङबीचको यो पहिलो भेट हुनेछ। “पक्षहरूले पारस्परिक फाइदाजनक रुस-म्यानमा सहयोगको थप विकासका साथै सामयिक अन्तर्राष्ट्रिय मुद्दाहरूका सम्भावनाहरूबारे छलफल गर्नेछन्”, क्रेमलिनको एक विज्ञप्तिमा भनिएको छ।सन् २०२१ को विद्रोहपछि म्यानमा र सन् २०२२ मा युक्रेनमा पूर्ण आक्रमण गरेपछि रुसलाई पश्चिमी प्रतिबन्धको झनझनाहटले असर गरेको छ।

विश्लेषकहरूका अनुसार दुवै देशले दण्डात्मक उपायहरूलाई सन्तुलन गर्न मित्रवत् राष्ट्रहरूसँग बलियो सम्बन्ध विकास गर्न खोजिरहेका छन्।तर आदानप्रदान सैन्य र व्यापारमा मात्र सीमित छैन।

# अस्पताल भर्ना भएका पोपको अवस्था स्थिर



एएफपी

रोम। पोप फ्रान्सिसको स्वास्थ्य अवस्था स्थिर रहेको जानकारी दिएको एक दिनपछि भ्याटिकनले सोमबार अस्पतालमा १७ औं रात बिताएको र उहाँले उपचारबाट आराम महशुस गरिरहेको जनाएको छ।

अर्जेन्टिनामा जन्मनुभएका क्याथोलिक चर्चका प्रमुख पोपलाई ‘ब्रोन्काइटिस’का कारण फेब्रुअरी १४ मा रोमको जेमेली अस्पतालमा भर्ना गरिएको थियो। उपचारका क्रममा उहाँलाई निमोनियासमेत देखिएको थियो।शुक्रबार श्वासप्रश्वासमा समस्या देखिएपछि सम्बन्धित उपचार भएको र शनिबार उहाँको अवस्था ‘स्थिर’ रहेको भ्याटिकनले बताएको छ। “पोपले रातभर आराम गर्नुभयो,” क्याथोलिक चर्च र भ्याटिकन सिटीको प्रशासनिक निकाय (होली सी) ले सोमबार बिहान जारी गरेको संक्षिप्त अपडेटमा भनिएको छ।


विश्वका करिब एक अर्ब ४० करोड क्याथोलिक धर्मावलम्बीका नेतालाई शुक्रबार र शनिबार ‘नन इन्भेसिभ मेकानिकल भेन्टिलेसन’ अर्थात् भेन्टिलेसन मास्कको आवश्यकता परेको र अझै पनिधेरै मात्रामा अक्सिजन लिइरहेको भ्याटिकनले आइतबार जनाएको छ।

उहाँलाई ज्वरो नआएको र आइतबार बिहान उहाँले सामूहिक जमघटमा भाग लिनुभएको थियो र बाँकी दिन प्रार्थनासँगै आराम गरिरहनुभएको थियो। भ्याटिकनस्रोतका अनुसार शुक्रबारको सङ्कटको ४८ घण्टा बितिसक्दा पनि यो घटनाबाट थप कुनै परिणाम नआएको देखिएको छ।

यद्यपि, होली सीद्वारा जारी वक्तव्यमा भनिएको छ, “उहाँको स्वास्थ्यको रिपोर्टमा देखिएको जटिलतालाई ध्यानमा राख्दै उहाँको स्वास्थ्यमा सुधारसम्बन्धी केही निष्कर्ष निकालिहाल्न सम्भव छैन।” फ्रान्सिसले आइतबार भ्याटिकनका विदेशमन्त्री इटालियन कार्डिनल पिएत्रो पारोलिन र भेनेजुएलाका आर्कबिशप एडगर पेना परासँग सामान्य कुराकानी गर्नुभएको थियो। मार्च २०१३ देखि पोप रहेका ‘जेसुइट’को जेमेलीको १० औं तल्लामा पोपका लागि छुट्याइएको विशेष ‘सुइट’मा उपचार भइरहेको छ।

जर्ज बर्गोग्लियोमा जन्मेका फ्रान्सिसले लगातार तेस्रो आइतबार एन्जेलसको परम्परागत प्रार्थनामा सहभागी हुनुभएन तर प्रार्थनामा पोपद्वारा लिखित सन्देश पढेर सुनाइएको थियो।सन्देशमा पोपले प्रार्थनाका लागि शुभचिन्तकहरूलाई धन्यवाद दिँदै भन्नुभयएको छ, “म तपाईंहरूको सबै स्नेह र घनिष्ठता महसुस गर्छु र यस विशेष समयमा, मलाई लाग्छ कि मलाई सबै परमेश्वरका भक्तहरूले ‘बोकेका’ छन् र समर्थन गरेका छन्। तपाईंहरू सबैलाई धन्यवाद।”

# लेबनानका राष्ट्रपति साउदी अरब प्रस्थान



एएफपी

बेरुतालेबनानका राष्ट्रपति जोसेफ खलिलऔनलेकार्यभार सम्हालेपछि पहिलो विदेश भ्रमणकालागि सोमबार साउदी अरबको भ्रमणका लागि त्यसतर्फ प्रस्थान गर्नुभएको छ। उहाँले यसै बर्ष जनवरीमा लेवनानको राष्ट्रपतिका रूपमा सपथ गर्नुभएको थियो। रियाद र वासिङ्टनको समर्थनप्राप्त पूर्व सेना प्रमुख औन जनवरी ९ मा लेबनानको राष्ट्रपति निर्वाचित हुनुभएको थियो।


उहाँको निर्वाचनले लेबनानमा राजनीतिक र आर्थिक सङ्कटका बीच दुई वर्षभन्दा बढी समयदेखिको शक्ति शून्यता अन्त्य गरेको थियो। इजरायलसँगको विनाशकारी युद्धका क्रममा लेबनानको इरान समर्थित हिजबुल्लाह कमजोर भएपछि उहाँको निर्वाचन सम्भव भएको थियो।

उहाँको कार्यालयका प्रवक्ताले एएफपीसँग भन्नुभयो, “लेबनान र समग्र अरब क्षेत्रको सुरक्षा तथा कुटनीतिक सम्बन्ध र लेबनानका लागि साउदी अरबको सैन्य सहायतालाई नवीकरण गर्न उहाँको भ्रमण फलदायी हुने विश्वास गरिएको छ।” लेबनान र साउदी अरबबीचको सम्बन्ध वर्षौंदेखि तनावपूर्ण रहँदै आएको छ। सन् २०१६ मा रियादले लेबनानी सेनालाई दिइने तीन अर्ब अमेरिकी डलरको सैन्य सहायता रोकेको थियो।

“मेरो भ्रमणका क्रममा म सम्भव भएसम्म सैन्य सहायता पुनः सक्रिय बनाउन प्रयास गर्नेछु,” औनले साउदी अखबार अशरक अल अवसातलाई शुक्रबार दिएको अन्तर्वार्तामा भन्नुभएको थियो।

लेबनानसँगको ‘ऐतिहासिक सम्बन्ध’ र क्षेत्रीय तथा विश्वव्यापी खेलाडीको रूपमा साउदी अरबको भूमिकाका कारण आफूले साउदी अरबलाई आफ्नो पहिलो गन्तव्यका रूपमा रोजेको राष्ट्रपति औनले बताउनुभयो।

।। हार्दिक श्रद्धाञ्जली ।।



स्व. रामजुक्ति यादव

यस धनुषा निर्माण व्यवसायी संघका निवर्तमान महासचिव एवं रमेश कन्सट्रक्सन प्रा .लि. का सन्चालक रमेशकुमार यादव ज्यू का प्रात स्मरणीय पिता **रामजुक्ति यादव** को ८४ बर्षको उमेरमा निधन भएकोमा स्तब्ध छौं। मृत आत्माको चिर शान्तीको कामना गर्दे मृतक परिवारजन प्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

जानकी सिभिल ल्याब सोलुसन प्रा.लि.
जनकपुरधाम-१४, धनुषा (परिवार)

# यस्तो छ विदेशी मुद्राको विनिमयदर




काठमाण्डु । नेपाल राष्ट्र बैङ्कले मंगलबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। मंगलबार अमेरिकी एक डलर खरिददर १३९ रुपैयाँ ७० पैसामा खरिद तथा १४० रुपैयाँ ३० पैसामा बिक्री हुने छ भने भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकिएको छ।

यसैगरी, युरो एकको खरिददर १४४ रुपैयाँ ९५ पैसा र बिक्रीदर १४५ रुपैयाँ ५८ पैसा, स्टर्लिङ पाउण्ड एकको खरिददर १७५ रुपैयाँ ७२ पैसा र बिक्रीदर १७६ रुपैयाँ ४८ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १५४ रुपैयाँ ६३ पैसा र बिक्रीदर १५५ रुपैयाँ २९ पैसा निर्धारण भएको छ । अष्ट्रेलियन डलर एकको खरिददर ८६ रुपैयाँ ७३ पैसा र बिक्रीदर ८७ रुपैयाँ ११ पैसा, क्यानेडियन डलर एकको खरिददर ९६ रुपैयाँ ५७ पैसा र बिक्रीदर ९६ रुपैयाँ ९९ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०३ रुपैयाँ ४० पैसा र बिक्रीदर १०३ रुपैयाँ ८४ पैसा निर्धारण भएको छ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ २७ पैसा र बिक्रीदर नौ रुपैयाँ ३१ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ १८ पैसा र बिक्रीदर १९ रुपैयाँ २६ पैसा, साउदी रियाल एकको खरिददर ३७ रुपैयाँ २५ पैसा र बिक्रीदर ३७ रुपैयाँ ४१ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ ३३ पैसा र बिक्रीदर ३८ रुपैयाँ ५० पैसा कायम भएको बैङ्कले जनाएको छ। थाई भाट एकको खरिददर चार रुपैयाँ ०८ पैसा र बिक्रीदर चार रुपैयाँ १० पैसा, युएई दिराम एकको खरिददर ३८ रुपैयाँ ०३ पैसा र बिक्रीदर ३८ रुपैयाँ २० पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ ३१ पैसा र बिक्रीदर ३१ रुपैयाँ ४४ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ५६ पैसा र बिक्रीदर नौ रुपैयाँ ६० पैसा, स्विडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ९९ पैसा र बिक्रीदर १३ रुपैयाँ ०५ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ४४ पैसा र बिक्रीदर १९ रुपैयाँ ५२ पैसा तोकिएको छ।

केन्द्रीय बैङ्कले हङकङ डलर एकको खरिददर १७ रुपैयाँ ९६ पैसा र बिक्रीदर १८ रुपैयाँ ०४ पैसा, कुवेती दिनार एकको खरिददर ४५२ रुपैयाँ १३ पैसा र बिक्रीदर ४५४ रुपैयाँ ०७ पैसा, बहराइन दिनार एकको खरिददर ३७० रुपैयाँ ६६ पैसा र बिक्रीदर ३७२ रुपैयाँ २५ पैसा, ओमनी रियाल एकको खरिददर ३६२ रुपैयाँ ८६ पैसा र बिक्रीदर ३६४ रुपैयाँ ४२ पैसा निर्धारण गरेको छ।

राष्ट्र बैङ्कका अनुसार प्रस्तुत विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने छ भने वाणिज्य बैङ्कले तोक्ने विनिमयदर भने फरक हुनसक्नेछ ।रासस

# विदेश र बजारबाट गाउँ फिरेकाले गरे रैथाने खेती



म्याग्दी । रोजगारीको सिलसिलामा तीन वर्ष सिङ्गापुर र पाँच वर्ष साइप्रसमा बिताएका म्याग्दीको मङ्गला गाउँपालिका-२ सिमका ध्रुव खत्रीका परिवारको बसोबास विसं २०७६ अघि पोखरामा थियो। कोरोना महामारी फैलिएपछि रोकथामका लागि गरिएको बन्दाबन्दीका समयमा पोखराबाट जन्मथलो आउनुभएका केसीको बसाइँ पछिल्लो पाँच वर्षयता सिम गाउँमा छ।

“हाम्रा हजुरबुवाका पाँच परिवार सन्तान हामीहरु विदेश र सहर पसेपछि यहाँको खेतीयोग्य जमिन कजाउन अरुलाई नै अधिया र बन्दकी दिएका थियौँ,” उहाँले भन्नुभयो “कोरोनापछि गाउँ फर्किएर मेरो पुर्ख्यौलीका साथै दाजुभाइको एक सय रोपनी जग्गा भाडामा लिएर रैथाने जातको धान खेती गर्दै आएको छु।”

सिमकाजी ब्रर्दश भेञ्चर प्रालिमार्फत रैथाने गौरिया, जेठोबुढो धान, मकै र गहुँ खेतीका साथै खत्रीले भैँसीपालन गर्नुभएको छ । म्याग्दी नदीको किनारमा सिँचाइको सुविधा भएको उर्वरायुक्त सिम, सिमलचौर, बाबियाचौर, पोक, सातबिसे, शेरा, पिपलबोट, रणवाङ र छिस्वाङको फाँट जिल्लाकै राम्रो खाद्यबाली हुने जमिन मानिन्छ।

खत्रीका पूर्खाहरुले तीन सय वर्षअघि पोखराबाट आएर सिममा जग्गा किनेका थिए । खत्रीले यस वर्ष एक सय मुरी धान फलाउनुभएको छ । बिक्री नहुने धानलाई चामल बनाउन घरमै विद्युत्बाट चल्ने मिल राख्नुभएको छ । “घरमा आवश्यक पर्ने २५ मुरी राखेर ७५ मुरी बिक्री गर्छु,” खत्रीले भन्नुभयो “धान प्रतिपाथी रु चार सय र चामल प्रतिपाथी रु एक हजारका दरले बिक्री हुन्छ।”

पकाउँदा घरबाहिरै छुट्टै किसिमको मगमग बास्ना आउने र खाँदा स्वादिलो हुने गौरिया जातको धान म्याग्दीको रैथाने बाली हो । सहर बजारका तारे होटलदेखि घरानिया व्यापारी, उच्च तहका नेता, कर्मचारी गौरिया धानको चामलका उपभोक्ता हुन्।

“गौरीया धान पाक्दा खेतनै बास आउँछ । भान्छा कोठामा गौरियाको भात पकाउँदा आगनसम्मै बास्ना आउँछ,” खत्रीले भन्नुभयो “गौरियाको भात खाइरहेकालाई अरु धानको भात रुच्दैन्। गौरियानै खोज्छन्।” स्थानीयवासीका अनुसार चार पुस्ता अघिदेखि खेती हुँदै आएको गौरियाको वैज्ञानिक र अङ्ग्रेजी नाम अझै पहिचान भएको छैन्।

म्याग्दी नदीको तटीय क्षेत्रमा पर्ने गैरीखेतमा खेती हुने भएकाले गौरिया नाम राखिएको पिपलबोटका किसान छविलाल कँडेल बताउँनुहुन्छ । गौरिया धानको चामल भात, पुलाउ, खिर र सेलरोटी बनाउने पिठोका लागि उपयुक्त हुन्छ। न्यानो ठाउँमा हुने गौरिया धानको बोट अग्लो हुन्छ र सिँचाइका लागि धेरै पानी आवश्यक पर्छ। असारको १५ गते रोपिने गौरिया कात्तिक १५ गतेको आसपासमा पाकेर भित्र्याउने हुन्छ।

गौरिया धानको दाना अरु जातको भन्दा सानो हुन्छ । अन्य जातको तुलनामा गौरियाको उत्पादकत्व कम हुन्छ । पकाउँदा भात बढी देखिने गौरिया उपभोग गर्दा आडिलो पनि हुने उपभोक्ताको अनुभव छ । सुत्केरी, किरिया बसेकालाई गौरिया धानको चामलको भात उपभोगी हुने बताइन्छ।

पोखराको घर जग्गा छोराछोरीको जिम्मा लगाएका खत्रीले सिममा खाद्यबालीको साथै भैँसीपालन र बेनी-दरवाङ सडक छेउमा किराना पसलसहितको रेष्टुरेन्ट सञ्चालन गर्नुभएको छ । वार्षिक रु १० लाख भन्दा बढीको धान, चामल, दूध, खसीबोका र कुखरा बिक्री हुने खत्रीले बताउनुभयो । एक वटा स्थानीय लिमे-पारकोटे र दुई वटा उन्नत मुर्रा जातको भैँसीसँगै खत्रीले खसीबोका उत्पादन गर्न बाख्रा पनी पाल्नुभएको छ । हाल दैनिक १० लिटर दूध बिक्री गर्ने उहाँले भैँसीको सङ्ख्या बढाउने सोचमा हुनुहुन्छ।

खत्रीकी श्रीमतीले उहाँलाई खेतीपाती र व्यवसायमा साथ दिनुभएको छ । एक जनालाई नियमित र भित्र्याउने समयमा अरु धेरै जनालाई रोजगारी दिनुभएको छ। वैदेशिक रोजगारको बढ्दो आकर्षणका कारण खेतबारीमा काम गर्ने जनशक्ति नपाउने, ज्यालाको मूल्य बढ्नु, तापक्रम वृद्धिका कारण खेतीपात्रो परिवर्तन हुनुलाई खत्रीले चुनौतीका रुपमा लिनुभएको छ।

पूर्खाहरुले तीन सय वर्षअघि बनाएको घरमा ‘होमस्टे’ सञ्चालनको तयारी गरेका खत्रीले पाहुनालाई रैथाने गौरिया धानको भात, भैँसीको दूधदही, कुखुरा र खसीबोकाको मासुका परिकार चखाउने योजना बनाउनुभएको छ। सिमलाई कृषि, पर्यटकीय गाउँको रुपमा विकास गर्ने सामाजिक गतिविधिमा पनि जोडिएका खत्रीको योजना छ । बेनीदेखि १२ दशमलब पाँच किलोमिटर पश्चिमतर्फ कालोपत्र सडकको पहुँच भएको सिम प्राकृति उपचारस्थल सिङ्गा तातोपानीदेखि चार दशमलब पाँच किलोमिटर नजिक छ। रासस

# जैविक सुरक्षा नअपनाउँदा कुखुरामा ब्याक्टेरिया र भाइरसको समस्या

चितवन। यहाँको राष्ट्रिय पन्छी रोग अन्वेषण प्रयोगशालाले चितवनसहित १६ जिल्लाबाट सङ्कलित नमूना परीक्षण गर्दा ब्याक्टेरिया र भाइरसको समस्या बढी देखिएको छ। जैविक सुरक्षाको अभावमा यी सङ्क्रमण देखिएका हुन्।



प्रयोगशालाले साउन यता ६ महिनामा एक हजार २८५ किसानको दुई हजार १७५ कुखुराको शवपरीक्षण गरी रोगको परीक्षण गरेको थियो। कार्यालयका प्रमुख विजयकुमार श्रेष्ठका अनुसार वातावरणमा हुने ब्याक्टेरियाका कारण इकोलाई २९५, गम्बारो भाइरस १६८, सिआरडी ब्याक्टेरिया १५४, ढुसी (माइक्रोटक्सिन) ११२ र साल्मोनेला ब्याक्टेरिया ७२ वटामा देखिएको छ।

यस्तै, एसआइटिस (पेटमा पानी जम्ने) ५९, सिसिआरडी ब्याक्टेरिया ४१, फाउल कलेरा (कुखुराको हैजा) २५, कक्सी डियोसिस (रातो छेर्ने) १९, जुका १४ र रानीखेत आठ वटामा देखिएको थियो। यही अवधिमा चार वटा खोरका ‘ब्वायलर’ कुखुरामा एच ९ देखिएको थियो। यी रोगका कारण शत्प्रतिशतसम्म मृत्यु हुने भएकाले जैविक सुरक्षा अपनाउनुपर्ने उहाँको भनाइ छ। रानी खेत, बर्डफ्लुजस्ता कारण शत्प्रतिशत कुखुरा मर्ने गर्दछन्। गम्बारो २० प्रतिशत, एच ९ ले ५० प्रतिशत कुखुरा मर्ने भन्दै उहाँले समयमा नै सतर्कता अपनाउन कृषकहरूलाई सुझाव दिएको बताउनुभयो। फार्ममा दाना, पानी, औषधि, भुसलगायत सामग्री लैजाँदा र अण्डा बाहिर पठाउँदा जैविक सुरक्षालाई कडाइका साथ अवलम्बन गर्नुपर्ने उहाँ बताउनुहुन्छ। बजारमा निःसङ्क्रमण गर्ने औषधि पाइने भएकाले फार्ममा आउने व्यक्ति र सवारीलाई पूर्ण निःसङ्क्रमण गर्नुपर्ने हुन्छ।

मौसम परिवर्तनको समय भएकाले बर्डफ्लुको समेत उच्च जोखिम हुने हुँदा देशैभरका कुखुरापालक कृषकले ध्यान दिनुपर्ने श्रेष्ठको भनाइ छ। यस कार्यालयले देशैभरिका पन्छीका नमूना लिएर परीक्षण गर्ने गर्दछ। यस वर्षको पुससम्ममा बाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका १६ जिल्लामा पालिएका पन्छीहरूको नमूना परीक्षण गरिएको उहाँले जानकारी दिनुभयो। धेरै कुखुरा चितवनमा पालिएको र कार्यालय यही भएकाले बढी नमूना चितवनका रहेका छन्। रासस


## भुमि सुधार तथा मालपोत कार्यालय गौर, रौतहट

**अप्रमाणित जग्गा प्रमाणित गरी नामसारी सम्बन्धी हकदाबी बारे ३५ दिने सार्वजनिक सूचना**

रौतहट साविक गाविस जिगडवा वेलबिछवा वडा नं. ४ हाल परोहा न.पा. २ मा बस्ने राजवती वस्ताको नाती खोदा वक्स वस्ताको छोरा सहिद हजामले आफ्नो बुवा नाता पर्ने खोद बक्स वस्ताको नाउँमा दर्ता कायम रहेको जग्गा जिल्ला रौतहट साविक गाविस जेठरहिया वार्ड नं. ४ किता नं. २ को ज.वि.०-११-११ ऐ.ऐ. वार्ड नं. ४ किता नं. ४ को ज. वि.०-१-१५ उल्लेखित जग्गाहरु अप्रमाणित जग्गा प्रमाणित गरी आफ्नो नाउँमा नामसारी समेत गरी पाउँ भनी द.नं.९८५३ मिती ०८१/११/०९ को माग निवेदन भई आएकोमा मोठ भिडान हुदाँ मोठ कायम रही रोक्का नदेखिएको साथै तिनपुस्ते,वतन समेत नरहेको र सो जग्गा छुट दर्ता जग्गा दा.खा.बाकी समेत रहेको भनि मोठ फाँटवाट लेखिआएको साथै परोहा न.पा.-१ जिगडवा वेलविछवाको चलानी नं.-३३६ मिती २०८१/११/०६ सिफारिस समेतमा छुट जग्गा दर्ता गरी नामसारी समेत गरिदिने भनि सिफारीस समेत भै आएकोमा सोको छुट जग्गाको हकदावी वारे सम्बन्धी ३५ दिने सार्वजनिक सुचना प्रकाशित भई म्याद सकेपछि पेश गर्ने भनी मिती २०८१/११/१३ गतेको आदेशा बमोजिम आदेशा बमोजिम सोको हकदाबी बारे यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। निजको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही भए, असर पर्ने भए वा नामसारी हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफु वा रित पूर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम ( दा.खा. वाकी) अप्रमाणित जग्गा प्रमाणित नामसारी भै जाने छ।

| जिल्ला | गाविस | वडा न. | कि.न. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | जेठरहिया | ४ | २ | ०-११-११ | खोद बक्स वस्ता |
| रौतहट | जेठरहिया | ४ | ४ | ०-१-१५ | खोद बक्स वस्ता |



मधेश प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र धनुषा , जनकपुरधाम

सूचना ! सूचना !! सूचना !!!

## स्यालो ट्युबेलमा लगान हुने सामग्रीको आपूर्तिकर्ता सूचिकृतकोलागि शिलबन्दी प्रस्ताब पत्र (प्रति ईकाई शिलबन्दी दरभाउ पत्र) आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१ /११/२०

आ.व. २०८१/८२ मा यस केन्द्रको स्वीकृत बार्षिक कार्यक्रम अनुसार भूमिगत सिंचाई ब्यबस्थापन कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन बिधि २०८१ अनुसार स्यालो ट्यूबेल जडान कार्यक्रमको लागि कृषक/कृषक समुह/ /कृषि सहकारी /कृषि फर्महरुबाट आवेदन संकलन भईसकेकोले सम्बन्धित कृषकबाट जडान कार्य गर्नगराउन जडान हुने सामग्रीहरुको न्युनतम दररेट स्यालोट्यूबेल आवेदककृषक तथा केन्द्रलाई आवाश्यक परेकोले ईच्छुक फर्म /कम्पनीले “कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६“ तथा “भूमिगत सिंचाई ब्यबस्थापन कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन बिधि २०८१” अनुसार आवश्यक कागजात सहित ३० दिन भित्र प्रस्ताब पत्र ( प्रति ईकाई शिलबन्दी दरभाउ पत्र) कृषि ज्ञान केन्द्र धनुषाबाट नगद रु तिन हजार मात्र (पछी फिर्ता नहुनेगरी) तिरी खरिद गर्न आव्हान गरिन्छ। प्रस्ताब फारममा स्यालो ट्यूबेलमा लगान हुने सामग्रीहरुको स्पेसिफिकेसन तथा न्युनतम दररेट (मूल्य) उल्लेख गरि सहिछाप गरि सुचना प्रकाशन भएको मितिले ३१ औ दिन दिनको १२.०० बजे भित्र प्रस्तावपत्र फारममा आफ्नो नाम ठेगाना कबोल गरेको अंक र अक्षरेपी प्रष्ट लेखि शिलबन्दी गरि दर्ता गराई सक्नु पर्नेछ । सम्बन्धित बिक्रेतालाई शिलबन्दी प्रस्तावको लागि चाहिने सम्पूर्ण विवरण प्रस्ताब पत्रमा उल्लेख गरिएको छ। दर्ता हुन् आएको प्रस्तावपत्र सोहि दिन दिनको २.०० बजे प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ ।खोलिएका प्रस्ताबहरु मूल्यांकन प्रतिनिधिको रोहबरमा मूल्यांकन गरि गुणस्तरयुक्त प्रस्ताबहरुलाई सूचिकृत गरिनेछ। फारममा आवेदकको सहिछाप नभएको पाना स्वीकार्य हुने छैन, स्वतः रद्द हुनेछ। प्रस्ताब संग संग्लग्न गर्नु पर्ने आवाश्यक कागजातहरु र बिडबन्ड सम्बन्धि विवरण प्रस्ताब फारममा उल्लेख गरिएको छ। सुचनाको बिस्तृत जानकारीको लागि यस केन्द्रको वेवसाइट धधध.बपअमजबलगकजब.नयख.लउ अथवा फोन ०४१५२०१४८ बाट प्राप्त गर्नु हुन अनुरोध छ।

कार्यालय प्रमुख



## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८१/११/२० गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
|---|---|
| २०८१/१२/०५ गते/स्थान : शाखा कार्यालय बर्दिबास, महोत्तरी | २०८१/१२/०७ गते, बिहीबार दिनको ३ बजे |

| क्र.सं. | ऋणीको नाम, ठेगाना | |
|---|---|---|
| १. | **नाम : रितिका एल.ई.डि लाइट उद्योग**<br>प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपाभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, धनुषा जनकपुर।<br>प्रा.फ.द.प्र.प.नं. : ११६८१/४५३/२०७६/०७७, दर्ता मिति : २०७६/०८/२९, पान नं. ६१२६४४३३७, दर्ता मिति : २०७६/०८/२९<br>ठेगाना : धनुषा जिल्ला, बटेश्वर वडा नं. २<br>**प्रोप्राईटर : गोबिन राय दनुवार** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : गोबिन राय दनुवार**<br>ना.प्र.नं. १४७८२९१७, जि.प्र.का. धनुषा<br>जारी मिति : २०५६/०५/१३<br>बाबुको नाम : लक्ष्मी नारायण राय दनुवार<br>बाजेको नाम : जदुराय दनुवार<br>ठेगाना : धनुषा जिल्ला, भुचक्रपुर वडा नं. ७<br>हाल : धनुषा जिल्ला, बटेश्वर वडा नं. २ | **२. नाम : गिता देवी**<br>ना.प्र.नं. २६६०, जि.प्र.का. धनुषा<br>जारी मिति : २०५८/०४/०२<br>पतिको नाम : गोबिन राय दनुवार<br>ससुराको नाम : लक्ष्मी नारायण राय दनुवार<br>ठेगाना : धनुषा जिल्ला, भुचक्रपुर वडा नं. ७<br>हाल : धनुषा जिल्ला, बटेश्वर वडा नं. २ |
| | **३. नाम : रितिका कुमारी राय**<br>ना.प्र.नं. १७-०१-७३-०७३१६, जि.प्र.का. धनुषा, जारी मिति : २०७३/०५/३०<br>बाबुको नाम : गोबिन राय दनुवार, बाजेको नाम : लक्ष्मी नारायण राय दनुवार<br>ठेगाना : धनुषा जिल्ला, भुचक्रपुर वडा नं. ७, हाल : धनुषा जिल्ला, बटेश्वर वडा नं. २ | |
| | **धितोको विवरण** | |
| | गोबिन्द राय दनुवारको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, बेंगाडाबर वडा नं. ८ क स्थित कित्ता नं. ६१२ को क्षेत्रफल ०-०-९-०, (बि.क.धु.क) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |
| | **ऋणीको नाम, ठेगाना** | |
| २. | **नाम : डि.एम. कृषी फर्म**<br>नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, महोतरी, जलेश्वर<br>प्रा.फ.र.नं. ३९३६/२/०७१/०७२, दर्ता मिति : २०७२/०२/०५, पान नं. ६०३१९९६८६, दर्ता मिति : २०७२/०२/०७<br>ठेगाना : महोतरी जिल्ला, बर्दिबास वडा नं. १०<br>**प्रोप्राइटर : दिपक कुमार पूर्वछाने** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : दिपक कुमार पूर्वछाने**<br>ना.प्र.नं. ४९६२६३२२, जि.प्र.का. महोतरी<br>जारी मिति : २०५७/०८/३२<br>बाबुको नाम : मकर बहादुर पुर्वछाने<br>बाजेको नाम : हरि बहादुर पुर्वछाने<br>ठेगाना : महोतरी जिल्ला, किसाननगर वडा नं. ८<br>हाल : महोतरी जिल्ला, बर्दिबास वडा नं. १० | **२. नाम : मनमाया पूर्वछाने**<br>ना.प्र.नं. १८३०७३/११०९, जि.प्र.का. महोतरी<br>जारी मिति : २०६३/१०/०८<br>पतिको नाम : दिपक कुमार पूर्वछाने<br>ससुराको नाम : मकर बहादुर पूर्वछाने<br>ठेगाना : महोतरी जिल्ला, किसाननगर वडा नं. ८<br>हाल : महोतरी जिल्ला, बर्दिबास वडा नं. १० |
| | **३. नाम : समिर पूर्वछाने मगर**<br>ना.प्र.नं. १८-०५-७४-००२५१, जि.प्र.का. महोतरी<br>जारी मिति : २०७४/०२/०८<br>बाबुको नाम : दिपक कुमार पुर्वछाने<br>बाजेको नाम : मकर बहादुर पुर्वछाने<br>ठेगाना : महोतरी जिल्ला, किसाननगर वडा नं. ८<br>हाल : महोतरी जिल्ला, बर्दिबास वडा नं. १० | **४. नाम : सुधिर पूर्वछाने मगर**<br>ना.प्र.नं. १८-०५-७७-००११९, जि.प्र.का. महोतरी<br>जारी मिति : २०७७/०४/१४<br>बाबुको नाम : दिपक कुमार पुर्वछाने<br>बाजे : मकर बहादुर पुर्वछाने<br>ठेगाना : महोतरी जिल्ला, बर्दिबास वडा नं. ४<br>हाल : महोतरी जिल्ला, बर्दिबास वडा नं. १० |
| | **धितोको विवरण** | |
| | १. दिपक कुमार पुर्वछानेको नाममा मालपोत कार्यालय बर्दिबास, महोतरीमा दर्ता कायम रहेको महोतरी जिल्ला, २५ नं. बहादुरगंज वडा नं. ६ घ स्थित कित्ता नं. ५९९ क्षेत्रफल ०-२-१६-९.२५ भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।<br>२. धनी ज्योति विकास बैंक लि. भई ऋणी डि.एम. कृषी फर्मको नाममा यातायत व्यवस्था कार्यालय नारायणीमा दर्ता श्रेष्ता कायम रहेका प्र २-०३-००१ ख ४३५५, च्यासिस नं. MC2H3JRCOMC189490, इन्जिन नं. E423CDMC344771 रहेको VE COMSILAL LTD सवारी साधन थान १। | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# मिथिला माध्यमिकी परिक्रमा जलेश्वर, आज मडै

**टुडे समाचारदाता**

जनकपुरधाम । १५ दिने मिथिला माध्यमिकी परिक्रमा महोत्तरीको जलेश्वरमा छन् भने मंगलबार मडै पुग्नेछन् ।



आइतबार मटिहानीमा विश्राम पश्चात सोमबार बिहानैदेखि परिक्रमा यात्री जलेश्वरमा विश्राम गरेका थिए। परिक्रमालाई मध्येनजर गर्दै जलेश्वर नगरपालिकाले पालिकाभरि सार्वजनिक विदा दिएको छ । भने मंगलबार मडै पुग्नेछन् ।

धनुषाको कचुरीबाट शुरु भएको १५ दिने मिथिला माध्यमिकी परिक्रमाको टोली छैटौं दिन जलेश्वर पुगेको थियो ।

जलेश्वरमा रात्रि विश्रामपछि छैटौं दिन मडै, सातौं दिन ध्रुवकुण्ड र आठौं दिन कञ्चनवनको वासपछि महोत्तरीको यात्रा पूरा हुनेछ ।

त्यसपछि धनुषाको पर्वता धनुषाधाम, सतोषर, औरहीमा एक-एक रात विश्राम गरी पूर्णिमाको अघिल्लो रात जनकपुर आई पुग्छन् र पूर्णिमाको बिहानी जनकपुरको अन्तगृह परिक्रमा गरेर होली खेली यात्रा समापन हुन्छ ।

नेपाल-भारत मुलुकको धार्मिक सांस्कृतिक एवं पारम्परिक सामाजिक तथा सद् भावको प्रतीक बनेको माध्यमिकी परिक्रमा यात्रा नेपालको धनुषा र महोत्तरीमा १३ तथा भारतमा २ गरी १५ विश्रामस्थल छ ।

मिथिला माध्यमिकी परिक्रमा यात्रामा सहभागी भए मन, वचन र कर्मले भएका पाप तथा अन्याय नष्ट भएर मनोकामना पूरा हुने धार्मिक मान्यता रहेको छ ।

यता धनुषाको हनुमानगढीबाट सहभागी भएका मधुकर कुञ्ज खालसाका कथावचक स्वामी रामभुषण शरण वैष्णवले मिथिला महात्मबारेमा प्रवचनसमेत दिए ।

कथावाचक स्वामी रामभुषणले सीतारामको चर्चा परिचर्चासंगै मिथिला माध्यमिकी परिक्रमा यात्रीलाई कथा सुनाएर मन्त्रमुग्ध गर्दै आएका छन् ।

उनले करिब १५ सालदेखि मिथिला महात्मबारे कथा प्रस्तुत गर्दै मिथिला माध्यमिकी परिक्रमा यात्रीलाई सुनाउँदै आएका छन् । उनले श्रीकिशिरीजी र मिथिलाको वर्णन गर्ने गर्छन् ।

# मुख्यमन्त्रीको निर्देशन अटेर गर्ने शिविल अस्पताल सञ्चालक पक्राउ

गत शनिबार साँझ मुख्यमन्त्री सिंहले अस्पताल अनुगमनको क्रममा उक्त अस्पताल मापदण्ड अनुरुप दर्ता समेत नरहेको पाइएपछि अस्पताल बन्द गर्ने निर्देशन सहित लिखित पत्र थमाएका थिए ।

**सञ्जय मिश्रा**

रौतहट । मुख्यमन्त्री सतीशकुमार सिंहको निर्देशन अटेर गर्ने शिविल अस्पताल चन्द्रपुरका सञ्चालक प्रहरी द्धारा पक्राउ परेका छन् ।

निर्देशन विपरीत अस्पताल सञ्चालन गरेका सिभिल अस्पताल प्रालीका सञ्चालक मध्यका राजन साह लाई सोमबार बिहान ईलाका प्रहरी कार्यालय चन्द्रिगाहपुरको टोलीले पक्राउ गरेको हो ।

गत शनिबार साँझ मुख्यमन्त्री सिंहले अस्पताल अनुगमनको क्रममा उक्त अस्पताल मापदण्ड अनुरुप दर्ता समेत नरहेको पाइएपछि अस्पताल बन्द गर्ने निर्देशन सहित लिखित पत्र थमाएका थिए ।

सम्पूर्ण प्रक्रिया पूरा गरेर मात्र अस्पताल सञ्चालन गर्न मुख्यमन्त्री सिंहले दिएको निर्देशन विपरीत सोमबार अस्पताल सञ्चालन गरेको जानकारी आउना साथ सञ्चालक साहलाई पक्राउ गरिएको डिएसपी राजकुमार राईले बताए ।




हाल उनी इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरको नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको डिएसपी राईले जानकारी दिएका छन् ।

गत शनिबार मुख्यमन्त्री सिंहले अनुगमनको क्रममा चन्द्रपुर स्थित हाइवे हाइवे सेन्टर, सिभिल अस्पताल, चन्द्रपुर सामुदायिक अस्पताल, पब्लिक लाइफ केयर पोलिक्लिनिक, चपुर सिटी अस्पताल, हिमालयन पोलिक्लिनिक प्रालि, चपुर अर्थोपेडिक एण्ड जनरल अस्पताल, चन्द्रपुर आँखा तथा दाँत उपचार केन्द्र, एपोलो अस्पताल, सिम्स अस्पताल सहित प्रक्रिया पूरा नदेखिएको १० वटा अस्पताल बन्द गर्न निर्देशन संगै लिखित पत्र दिएका थिए। सो मध्य सिम्स अस्पतालले प्रक्रिया पूरा गरी सञ्चालन गरेको तथा अन्य हालसम्म बन्द रहेको डिएसपी राईले बताएका छन् ।

सिभिल अस्पताल तथा रिसर्च सेन्टरले सामान्य बिरामीको पनी उपचारको नाउँमा लाखौं लुट्नेगरेको गुनासो सुनिएको छ ।

मुख्यमन्त्री सिंहले अनुगमनको क्रममा शिविल अस्पतालले आइसियु तथा अप्रेशन सञ्चालन गरेपनि त्यसको आधारभूत मापदण्ड पूरा नगरेको भनेपछि सञ्चालक राजन कुमार साहसँग सामान्य भनाभन भएको थियो ।

मुख्यमन्त्री सिंहले बिना दर्ता बिना सञ्चालन गरिएको शिविल अस्पतालमा उपचाररत बिरामीहरू अन्य अस्पतालमा सारेर बन्द गर्न निर्देशन दिएका थिए ।

अनुगमनको क्रममा एकजना बिरामीका अभिभावकले अस्पतालको बिल देखाउँदै अन्याय भएको गुनासो गरेका थिए । शिविल अस्पतालमा आवश्यक सुविधा केही नभएको र शुल्क काठमाडौंको उच्च सुविधायुक्त अस्पतालको बराबर लिएको भन्दै उनी आक्रोशित बनेका थिए। चन्द्रपुर शिविल अस्पतालमा आइसियु बेडको प्रतिदिनको ४५ सय जोडिएको देखिएको थियो । सवारी दुर्घटनामा परेर जाने बिरामीलाई अप्रेसन शुल्क ६५ हजार, एनेस्थेसिया शुल्क २० हजार, इमर्जेन्सी म्यानेजमेन्ट शुल्क २० हजार, स्टीलको ५५ हजार, अप्रेसन थिएटर सामग्रीको शुल्क २० हजार, मोनिटर शुल्क ९ हजार, उपचारात्मक शल्यक्रिया शुल्क १० हजार, ड्रेसिङ शुल्क ३ हजार, अक्सिजन शुल्क ६ हजार लिएको देखिएको थियो । अनेक शीर्षकमा उक्त बिरामीको २ लाख ६५ हजार ९ सय रुपैयाँको बिल थमाइदिएपछि अभिभावकले मुख्यमन्त्री सिंहलाई पीडा सुनाएका थिए।

चन्द्रनिाहपुर लगायत जिल्लाको अन्य स्थानमा संचालित निजी अस्पतालले प्रहरी, एम्बुलेन्स चालक तथा ईरिक्साचालकसँग सेटिङ मिलाएको देखिन्छ। दुर्घटनाको बिरामी लिएर जाँदा एम्बुलेन्स चालकलाई ३५ सय , इरिक्सा चालकलाई ५ सय कैयौं प्रहरी युनिट लाई पनि अस्पताल सञ्चालकले पैसा दिनेहरेको पटक पटक गुनासो हुँदै आएको छ।

# ब्राउनसुगर सहित तीन भारतीय नागरिक पक्राउ, अफिम पनि बरामद

**टुडे समाचारदाता**

बारा । बाराको सिमरा स्थित विशेष सूचनाको आधारमा सोमवार दिउँसो प्रहरीले एक होटलमा छापामारी १७० ग्राम लागुऔषध ब्राउन सुगर सहित ३ जना भारतीय नागरिक लाई पक्राउ गरेको छ ।



इलाका प्रहरी कार्यालय सिमरा, र लागूऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय वीरगंजबाट गएको संयूक्तटोलीले टोलीले सोमबार सिमरा स्थित राज होटेलको कोठा नम्बर १०६ मा छापामारी ब्राउन सुगर सहित तीनैजना भारतीय नागरिक लाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा भारतको विहार सिवाना जिल्ला थाना सिवान चनौर ग्राम पञ्चायत १४ को ३५ वर्षीय गौतम कुश्वाहा, विहार पूर्व चम्पारण जिल्ला रमगढवा थाना सिंहसिनी ग्राम पञ्चायत ७ का ३० वर्षीय रञ्जन कुमार सिंह र सोही ठाउँका ४० वर्षीय संजिव कुमार राम रहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्तासमेत रहेका डिएसपी विजयराज पण्डितले बताए । चेकजाँचको क्रममा उनीहरूको साथबाट १७० ग्राम लागू औषध ब्राउन सुगर बरामद गरिएको प्रवक्ता पण्डितले जानकारी दिए ।

ब्राउनसुगरसहित तीनैजना भारतीय नागरिक लाई नियन्त्रणमा लिएर आवश्यक कानुनी प्रकृया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

त्यस्तै बाराको पथलैया चौकबाट प्रहरी गस्ती टोलीले अढाई किलो लागूऔषध अफिम सहित १ जनालाई पक्राउ गरेको छ ।

प्रहरी चौकी पथलैयाबाट असइ अमृत मैनालीको कमाण्डमा गएको टोलीले पथलैया चोकमा वीरगंज तर्फ गईगरेको प्र ०३-०३-००१ प ५२७३ नम्बरको एफजेड मोटरसाईकल चेकजाँच गर्दा चालकले बोकेको झोलामा लुकाई झिपाई राखेको अढाई किलो लागूऔषध अफिम बरामद गरेको छ ।

लागूऔषध अफिम सहित मोटरसाईकल र चालक धादिङ जिल्ला गजुरी नगरपालिका ४ का २६ वर्षीय राजन चेपाङलाई नियन्त्रणमा लिएर अनुसन्धान भईरहेको बारा प्रहरी प्रवक्ता डीएसपी विजयराज पण्डितले बताए ।

# स्कारपियो चालकको मृत्यु

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको चक्रघट्टा गाउँपालिका-२ स्थित बेल्हीमा स्कारपियो पल्टिँदा चालकको मृत्यु भएको छ ।

गाउँको भित्री सडकमा सोमबार बिहान ४ बजेतिर बिआर ३० पि १७०३ नम्बरको स्कारपियो आफैं अनियन्त्रित भइ पल्टिँदा चालक सोही ठाउँका ४० वर्षीय अमितकुमार अधिकारी गम्भीर घाइते भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

दायाँ हात र शरीरका विभिन्न भागमा गहिरो चोट लागेर शक्त घाइते भएका स्कारपियो चालक अधिकारीलाई प्रादेशिक अस्पताल मलंगवामा प्राथमिक उपचार गरी थप उपचारका लागि सोमबार राष्ट्रिय ट्रमा सेन्टर काठमाण्डु पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेका थियो ।

पोस्टमार्टमपश्चात उनको शव चक्रघट्टा ल्याउने प्रयास भइरहेको पारिवारिक स्रोतले जनाएको छ । दुर्घटनापछि घर लगेर राखिएको स्कारपियो प्रहरीले नियन्त्रणमा लिएको जनाइएको छ ।

# अनलाइन ठगी बढ्यो

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा प्रहरीले विशेष सूचनाको आधारमा वीरगञ्ज महानगरपालिका-१२ मूर्लीस्थित एक घर भाडामा लिई विद्युतीय उपकरण राखी अनलाइन जुवा खेलाइरहेको अवस्थामा भारतीय नागरीक रविशंकर ठाकुरलाई पक्राउ गरको थियो । त्यतिबेला ठाकुरको कोठाबाट प्रहरीले ल्यापटप, राउटर, हेडफोनलगायतका उपकरण बरामद भएको थियो ।




जुन अनलाइन ठगीमा संलग्न व्यक्ति पक्राउ परेको यो पछिल्लो घटनाक्रम हो । प्रहरी तथ्यांकले पनि जिल्लामा अनलाइन ठगीका घटना बर्षेनि बढ्दो क्रममा रहेको क्रममा रहेको देखिएको छ । गत आर्थिक वर्षभरमा कार्यालयमा अनलाइन ठगीसम्बन्धी १ सय ९६ उजुरी निवेदन परेको थियो । तीमध्ये ५ वटा मुद्दा जिल्ला अदालतमा दर्ता भएको थियो ।

चालु आर्थिक वर्षको फागुन मसान्तसम्ममा १ सय ९ वटा यस्ता उजुरी निवेदन परेको छ । ती तीन वटा मुद्दा जिल्ला अदालतमा दर्ता भइसकेको छ । पर्सा प्रहरीका प्रवक्ता डीएसपी सुवास भट्ट उजुरी निवेदन मध्ये अधिकांश अनलाइन सपिङ, चिठ्ठा परेकोलगायतका उजुरी रहेका छन् ।

पक्राउ पर्नेहरूमा पनि नेपाली मात्र नभइ भारतीय गिरोह र त्यसमा संलग्न व्यक्तिहरूसमेत हुने गरेका छन् । पछिल्लो केही वर्षयता यस्ता गिरोह क्रिकेट खेलमा सट्टेबाजी गराउन पनि सक्रिय रहेका बताइएको छ ।

यता डीएसपी भट्टले कतिपय शिक्षित र प्रतिष्ठित व्यक्तिहरु पनि यसरी ठग गिरोहको फन्दामा परेका बताए । उनले सामाजिक प्रतिष्ठा गुम्ने डरले उनीहरु आफ्नो परिचयसमेत गोप्य राखेर ठगी धन्धामा संलग्न रहेको देखिएको बताए ।

# बाघको आक्रमणबाट दुई जना घाइते



**टुडे समाचारदाता**

राजविराज । सप्तरीको सप्तकोशी नगरपालिका- १ मा सोमबार बिहानै आएको पाटे बाघले दुई जनालाई घाइते बनाएको छ । स्थानीय गणेश खत्री र कृष्ण विष्टलाई घाइते बनाएको स्थानीय खगेन्द्र कार्कीले जानकारी दिए ।

घाइते भएका विष्टलाई विराटनगरस्थित अस्पतालमा उपचार भइरहेको छ भने खत्रीको स्थानीय क्लिनिकमा उपचार भइरहेको छ । बिहान साढे ६ बजे फत्तेपुर बजारको रंगशालाको गेट छेउमा भएको एक घरको कम्पाउण्डमा अचानक बाघ देखिएपछि सप्तकोशीका सर्वसाधारण एकदमै त्रसित बनेका थिए ।

सप्तकोशीमा आतंक मच्चाएको स्थानीय रमानन्द चौधरीले जानकारी दिए । यस सम्बन्धमा सप्तरीका प्रमुख जिल्ला अधिकारी भोला दाहालले बाघको नियन्त्रण गर्न कोशीटप्पु वन्यजन्तु आरक्ष केन्द्रको टोली आउने बताए ।

# तीन हजार किलो बढी गाँजा फेला

**टुडे समाचारदाता**

राजविराज । सप्तरीमा एक फलफुल गोदाममा भारीमात्रामा लागूऔषध गाँजा फेला परेको प्रहरीले जनाएको छ ।

जिल्लाको राजविराज नगरपालिका वडा नं ९ मलेठस्थित एक स्याउ गोदाममा गाँजा फेला परेको सप्तरी प्रहरीले जनाएको छ ।

स्याउ गोदाम नजिकैको सडकबाट गइरहेका सप्तरीका प्रमुख जिल्ला अधिकारी भोला दाहालले सडक छेउको गोदाममा एक ट्रकबाट अर्को ट्रकमा शंकास्पद सामग्री अनलोड गरिरहेको देखेपछि शंकाको आधारमा सोधखोज गरेका थिए। सप्तरीका प्रजिअ दाहालले गोदाम सञ्चालकलाई बोलाउँदा पनि उनले भेटघाट गरेका थिएनन् । त्यसपछि गोदाम फोडेर हेर्दा भित्र गाँजा फेला परेको छ । सो गोदाममा एक सयभन्दा बढी बोरामा गाँजा राखिएको थियो ।



गोदाम भित्र सिट नभएको एक स्कर्पियो पनि फेला परेको जनाइएको छ। अहिले सो स्थानमा प्रहरीले घेरा हालेको छ। गोदामको खानतलासी भइरहेको छ । सप्तरीका प्रजिअ दाहालले लागूऔषध गाँजासँगै गोदाममा अन्य वस्तुहरु रहेकोले यकिन गर्ने कार्य भइरहेको जनाए । प्रारम्भिक अनुमानअनुसार तीन हजार किलोभन्दा बढी गाँजा सो गोदामबाट फेला परेको छ ।

# गर्भवतीका लागि नि:शुल्क एम्बुलेन्स

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको गणेशमान चारनाथ नगरपालिकाले गर्भवती तथा सुत्केरीका लागि निःशुल्क एम्बुलेन्स सेवा दिने भएको छ । घरमा सुत्केरी हुने दरलाई शून्यमा झार्न तथा अस्पतालमा सुरक्षित रुपमा सुत्केरी गराउनका लागि अभिप्रेरित गराउने उद्देश्यका साथ एम्बुलेन्स सेवा सञ्चालनमा ल्याइएको जनाइएको छ । मेयर जितनारायण यादवले नगरक्षेत्रका गर्भवती तथा सुत्केरीका लागि निःशुल्क एम्बुलेन्स सेवा सञ्चालनमा ल्याएको बताए ।

सुत्केरी भइसकेपछि पनि विभिन्न कारणले आमा तथा शिशुको स्वास्थ्य जोखिम हुन सक्ने र यसबाट जोगाउन एम्बुलेन्स सेवाले सहयोग पुग्ने उनले बताए ।

नगरपालिकाले अन्य बिरामीलाई न्यून शुल्कमा उक्त एम्बुलेन्स सेवा उपलब्ध गराउने पनि बताए । गुणस्तरीय स्वास्थ्य सेवामा नागरिक पहुँच वृद्धि गर्न एम्बुलेन्स सेवाले सहयोग पुग्ने उनको भनाइ छ ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८